# हामो खनियाबास

## स्थानीय पाठ्यक्रमः आधारभूत तह (कक्षा १-८)

## २०७९




**प्रकाशक:**

**खनियाबास गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

पुस्तक : **"हाम्रो खनियाबास"** स्थानीय पाठ्यक्रम (कक्षा १-८)

प्रकाशक : खनियाबास गाउँपालिकाको कार्यालय, दार्खा, धादिङ ।

प्रमुख संरक्षक : गाउँपालिका अध्यक्ष : श्री रण बहादुर तामाङ

सल्लाहकार : गाउँपालिका उपाध्यक्ष : श्री सेक्केमान तामाङ

प्रमुख प्रशासकीय अधिकृत : श्री बालकृष्ण नेपाली

स्थानीय पाठ्यक्रम निर्माणका पदाधिकारी तथा सदस्यहरु :

श्री बम बहादुर तामाङ - संयोजक (शिक्षाप्रेमी तथा बुद्धिजीवि)

श्री धिरज वस्नेत- विद्यालय निरिक्षक (प्रमुख- शिक्षा, युवा तथा खेलकुद शाखा)

श्री गोपाल फ्युवा तामाङ- सदस्य (शिक्षक तथा बुद्धिजीवि)

श्री रमिता पाखिन तामाङ- सदस्य (महिला शिक्षक तथा बुद्धिजीवि)

श्री बिमल लामा लोप्चन- सदस्य (प्रधानाध्यापक विद्यालय प्र.अ. मध्ये बाट)

**विज्ञ समूह** :

प्रा. डा. विद्यानाथ कोईराला "शिक्षाविद" काठमाडौं

डा. लाल श्याँकारेलु राप्चा "पाठ्यक्रम विज्ञ" काठमाडौं

श्री फुल कुमार वम्जन "अध्यक्ष, तामाङ डाजाङ" काठमाडौं

श्री उदय बहादुर लामा "अभियान्ता, तामाङ साहित्यकार" रामेछाप

**स्थानीय पाठ्यक्रम लेखन तथा सम्पादन समूह**

श्री बम बहादुर तामाङ - संयोजक

श्री धिरज वस्नेत- विद्यालय निरिक्षक

श्री गोपाल फ्युवा तामाङ- सदस्य

**विशेष सहयोगी तथा समन्वय** :

श्री नेमाजोम तामाङ - खनियाबास-५, धादिङ (हाल काठमाडौं)

सर्वाधिकार : प्रकाशकमा निहित

प्रथम प्रकाशन वि.स.२०७९

मुद्रण : २५० प्रति

२०७९ साल असार ३ गतेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत

# खनियाबास गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय


**दार्खा, धादिङ**

**बागमती प्रदेश, नेपाल**

प.सं.

च.नं.

मिति : २०७९/०३/२१



### शुभकामना

खनियाबास गाउँपालिका भरका विद्यालयहरुमा पठनपाठन हुने गरी स्थानीय विषय पाठ्यक्रम तयार गरी प्रकाशन गर्न लागेको खबरले अत्यन्त खुसी लागेको छ। यस कार्यमा सहयोग गर्ने सबैलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

देशमा भएको राजनीतिक परिवर्तन सँगै संघीय व्यबस्था बमोजिम माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको अधिकारमा परेको छ। शिक्षालाई समयसापेक्ष बनाउन विगत देखि नै गाउँपालिकाको तर्फबाट पहल कदमी लिदै आएको छ। पाठ्यक्रमले निर्दिष्ट गरेको स्थानीय विषय पाठ्यक्रमलाई हाम्रो गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक आदि समग्र विषयबस्तुलाई समेटेको देखिएको छ। त्यसैले यो प्रभावकारी हुनेमा म विश्वस्त छु।

यस पाठ्यक्रम बमोजिम सबै विद्यालयमा यही शैक्षिक सत्रदेखि पठनपाठन गर्दै जाँदा केही विषय छुटेमा थप गर्न सकिनेछ। समयसापेक्ष परिमार्जन हुँदै जानेछ। अन्त्यमा पाठ्यक्रम निर्माणमा प्रत्यक्ष र अप्रत्यक्ष संलग्न सबैमा धन्यवाद दिन चाहन्छु।

**रण बहादुर तामाङ**

अध्यक्ष

# खनियाबास गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**दार्खा, धादिङ**

**बागमती प्रदेश, नेपाल**

प.सं.

च.नं.

मिति : २०७९/०३/२१



## शुभकामना

खनियाबास गाउँपालिका भरका विद्यालयहरुमा पठनपाठन हुने गरी स्थानीय विषय पाठ्यक्रम तयार गरी प्रकाशन गर्न लागेको खबरले मलाई अत्यन्त हर्षित तुल्याएको छ। यस कार्यमा योगदान पुऱ्याउने कार्यपालिकाका पदाधिकारी तथा सदस्यज्यूहरु, स्थानीय पाठ्यक्रम निर्माण समिति, विज्ञ समूह, वि.व्य.स. अध्यक्षज्यूहरु, शिक्षक अभिभावक संघका अध्यक्षज्यूहरु, गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा, प्रधानाध्यापकज्यूहरु, विषय शिक्षकज्यूहरुका साथै अन्य यस कार्यका लागि सहयोग गर्नुहुने सबैलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

देशमा भएको राजनीतिक विद्रोहले संघीयता ल्यायो । त्यही परिवर्तनको जगमा संविधान सभा मार्फत संविधान जारी भयो । त्यही संविधानले स्पष्ट रुपमा माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको अधिकारमा पारेको छ। शिक्षा नै समाज विकासको मूल द्योतक हो। त्यसलाई समयसापेक्ष बनाउन पाठ्यक्रम उत्कृष्ट हुनु जरुरी छ। पाठ्यक्रममा आफ्ना विगत, वर्तमान र भविष्य देखिनु पर्दछ। कक्षाकोठामा सहभागी हुँदै गर्दा विद्यार्थी र शिक्षकले नजिकका भूगोल, व्यक्तित्व, चालचलन, संस्कार, जात्रा पर्व आदिबारे जानकारी पाउने भएमा शिक्षा प्रभावकारी हुन्छ भन्ने मेरो ठम्याई छ। त्यही ठम्याईलाई पाठ्यक्रममा समेट्न विगत देखि नै गाउँपालिकाको तर्फबाट पहल कदमी लिदै आएको थियो । यस पटक यसले पूर्णता पाएकोमा खुसी व्यक्त गर्न चाहन्छु। पाठ्यक्रमले निर्दिष्ट गरेको स्थानीय विषय पाठ्यक्रमलाई हाम्रो गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक आदि समग्र विषयबस्तुलाई समेटेको देखिएको छ। त्यसैले यो प्रभावकारी हुनेमा म विश्वस्त छु।

यस पाठ्यक्रम बमोजिम सबै विद्यालयमा यही शैक्षिक सत्रदेखि पठनपाठन गर्दै जाँदा केही विषय छुटेमा थप गर्न सकिनेछ। समयसापेक्ष परिमार्जन हुँदै जानेछ। अन्त्यमा, पाठ्यक्रम निर्माणमा संलग्न सबैमा धन्यवाद दिन चाहन्छु।


**सेक्केमान तामाङ**

उपाध्यक्ष

# खनियाबास गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. **दार्खा, धादिङ**

च.नं. **बागमती प्रदेश, नेपाल** मिति : २०७९/०३/२१



### शुभकामना

खनियाबास गाउँपालिका भरका विद्यालयहरुमा पठनपाठन हुने गरी स्थानीय विषय पाठ्यक्रम तयार गरी प्रकाशन गर्न लागेको खबरले मलाई अत्यन्त हर्षित तुल्याएको छ । यस कार्यमा योगदान पुऱ्याउने कार्यपालिकाका पदाधिकारी तथा सदस्यज्यूहरु, स्थानीय पाठ्यक्रम निर्माण समिति, विज्ञ समूह, वि.व्य.स. अध्यक्षज्यूहरु, शि.अ.संघका अध्यक्षज्यूहरु, गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा, प्रधानाध्यापकज्यूहरु, विषय शिक्षकज्यूहरु, गाउँपालिका कर्मचारीहरुका साथै अन्य यस कार्यका सहयोग गर्नु हुने सबैलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

देशमा भएको राजनीतिक परिवर्तनको जगमा संविधान सभा मार्फत जारी भएको संविधानले स्पष्टरुपमा माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको अधिकारमा पारेको छ। शिक्षा नै समाज विकासको मूल द्योतक हो । त्यसललाई समयसापेक्ष बनाउन पाठ्यक्रम उत्कृष्ट हुन ुजरुरी छ । पाठ्यक्रममा आफ्ना विगत, वर्तमान र भविष्य देखिनु पर्दछ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको व्यबस्था बमोजिम यसलाई स्थानीय भूगोल, व्यक्तित्व, चालचलन, संस्कार, जात्रा पर्व आदि बारे केन्द्रित रहेको छ । स्थानीय पाठ्यक्रम निर्माणको लागि विगतदेखि नै बजेट समेत विनियोजन गरेता पनि विविध कारणवस यसले मूर्त रुप लिएको थिएन । यो वर्ष यसले पूर्णता पाएकोमा खुसी व्यक्त गर्न चाहन्छु। पाठ्यक्रमले निर्दिष्ट गरेको स्थानीय विषय पाठ्यक्रमलाई हाम्रो गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक आदि समग्र विषयबस्तुलाई समेटेको देखिएको छ। त्यसैले यो प्रभावकारी हुनेमा म विश्वस्त छु।

यस पाठ्यक्रम बमोजिम सबै विद्यालयमा यही शैक्षिक सत्रदेखि कार्यान्वयनमा आउने भएको छ । समयसापेक्ष परिमार्जन हुँदै जानेछ । अन्त्यमा, पाठ्यक्रम निर्माणमा संलग्न सबैमा धन्यवाद दिन चाहन्छु ।

**बालकृष्ण नेपाली**
प्रमुख प्रशासकीय अधिकृत

## प्राक्कथन

नेपालको संविधानले अनुसूची ८ मा आधारभूत र माध्यमिक तहको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिसकेको छ। संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हो । नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषा मध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ कार्यघण्टा र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था पूर्ण रुपमा कार्यान्वयन भएन । यसैको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ कार्यघण्टा र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत वा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरेको छ। उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ कार्यघण्टा र वार्षिक रुपमा १६० कार्यघण्टा र कक्षा ४–८ का लागि साप्ताहिक ४ कार्यघण्टा र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरेको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार गरेका स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरूप स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई शिक्षामा आवश्यक सुधार गर्न, स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन, नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको "राष्ट्रिय पाठ्यक्रम प्रारूप" ले निर्धारण गरेका शैक्षिक क्षेत्रमा देखा पर्ने स्थानीय शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न, स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिन तथा "विश्वव्यापी सोच र स्थानीयतालाई कार्यान्वयनमा ल्याऊ" (Think Globally Act Localy) भन्ने मध्यमार्गी र समन्वयकारी अवधारणालाई मूर्त रूप दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको सन्दर्भमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने, पाठ्यक्रम विकास स्थानीय तहबाटै हुने, पाठ्यक्रमप्रति स्थानीय जनताको अपनत्व बढ्ने, पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने, विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने, न्यून मूल्यका स्थानीय सामग्री (Low Cost, No Cost Materials) को प्रयोग हुने, सरोकारवालाको सक्रिय सहभागिता रहने भएकोले स्थानीय भाषा पाठ्यक्रम निर्माण समितिले यो पाठ्यक्रम तयार गरेको हो। यस सामाजिक समूहले यो पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएपछि केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिले स्थान पाउने, समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरूपको पाठ्यक्रम हुने, सबै पक्षको अर्थपूर्ण सहभागिता हुने परम्परागत ज्ञान, सीपसहितको स्थानीय ज्ञानको

सीपसहितको स्थानीय ज्ञानको उजागर गर्ने, स्थानीय ज्ञानको खोजी गर्दै नवीनतम ज्ञान एवम् सीपको विकासमा सहयोग पुऱ्याउने स्थानीय मूल्य, मान्यताको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउनुको साथै तिनको हस्तान्तरणमा समेत यसले योगदान पुऱ्याउने अपेक्षा यस पाठ्यक्रमको रहेको छ । यसले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, गाउँपालिकाका अध्यक्ष तथा सदस्यहरू, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तर्क्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा खनियाबास गाउँपालिकाको परिचय, तरकारी तथा फलफूल खेती, पशुपालन व्यवसाय, खनियाबास गाउँपालिकाको कला, संस्कृति र रीतिरिवाज, पुरातात्विक सम्पदाको परिचयलाई समेटेर कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरेको छ। यो पाठ्यक्रम शैक्षिक सत्र २०७९ देखि कक्षा १-८ मा लागू गरिने छ। यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, तहबाट गाउँपालिका अध्यक्ष श्री रण बहादुर तामाङ ज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । वहाँले स्थानीय पाठ्यक्रम निर्माणमा विशेष चासो राखि पाठ्यक्रम निर्माण समिति गठन देखि नै कार्य अगाडि बढाउन निरन्तर सहयोग गर्नु भएको छ। विज्ञ तथा शिक्षाविद तर्फबाट प्रा. डा. श्री विद्यानाथ कोईराला, पाठ्यक्रम विज्ञ श्री डा. लाल श्याँकारेलु राप्चा, भाषाविद श्री अमृत योन्जन तामाङ, तामाङ साहित्यकार श्री उदय बहादुर दोङ लामा, तामाङ डाजाङका अध्यक्ष श्री फूल कुमार वम्जन, भू.पु. स्रोतव्यक्ति श्री युवराज रेग्मी, विभिन्न विद्यालयका प्रधानाध्यापकहरु, वि.व्य.स. अध्यक्षहरु, शिक्षक अभिभावक संघ अध्यक्षहरु, शिक्षक शिक्षिकाहरु, संघ संगठनका अध्यक्ष तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, गाउँपालिका भित्रका सरोकारवालाहरु सबैमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं । पाठयक्रम निर्माणको सुरुदेखि अन्तिम रुप दिन तथा ड्राफ्ट लेखन कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सहयोग पुऱ्याउनुहुने शिक्षक तथा बुद्धिजीवि र स्थानीय पाठयक्रम निर्माण समिति सदस्य श्री गोपाल फ्युवा तामाङलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छौं । पाठ्यक्रमको अन्तिम रुप दिने क्रममा महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने उपाध्यक्ष श्री सेक्केमान तामाङज्यू, सम्पूर्ण वडाध्यक्षज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत श्री वालकृष्ण नेपाली ज्यू, योजना अधिकृत (सातौ तह) श्री नवराज श्रेष्ठ, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, शिक्षा अधिकृत (सातौ तह) श्री धिरज वस्नेत, स्रोत व्यक्ति श्री कपिलदेव ठाकुर लगायत सबैमा आभार व्यक्त गर्दछौ । स्थानीय भाषा तथा स्थानीय पाठ्यक्रम निर्माण गर्नलाई घचघच्याउने तथा विज्ञ समूह, शिक्षाविदहरु संग सहकार्य गर्नुहुने गाउँपालिकासम्म ल्याउन समन्वय गर्ने खनियावास-५, धादिङका श्री नेमाजोम तामाङलाई विशेष धन्यवाद दिन चाहन्छौं। यो पाठयक्रम निर्माण पश्चात कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय सहयोगको अपेक्षा गरिएको छ। विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि हामीले पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ। धन्यवाद ।

संयोजक

वि.सं. २०७९, असार ११ गते

तथा स्थानीय पाठ्यक्रम निर्माण समिति

# विषय सूचि


| क्र.सं. | विषय | पाना नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | विषय क्षेत्र | २-२ |
| ३. | पाठ्यक्रमको औचित्य | २-३ |
| ४. | सक्षमताहरु | ४-४ |
| ५. | तहगत उद्देश्य | ५-६ |
| ६. | थिमहरु/मुख्य बिषयवस्तुहरु | ६ |
| ७. | विषय वस्तुको विस्तृतिकरण | ७-२४ |
| ८. | विषय क्षेत्र/थिम अनुसार अनुमानित कार्य घण्टाको समष्टिगत तालिका | २५ |
| ९. | स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण सिकाइ योजना निर्माण | २६ |
| १०. | सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | २७-२८ |
| १०.१ | सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन | २८-२९ |
| १०.२ | सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष | ३०-३० |
| १०.३ | सम्भाव्य केही शिक्षण सिकाइ विधिहरु | ३०-३२ |
| ११. | विद्यार्थी मूल्याङ्कन | ३२-३३ |
| ११.१ | सिकाइका लागि मूल्याङ्कन | ३३-३४ |
| ११.२ | मूल्याङ्कन विधि र प्रक्रिया (कक्षा १-३) | ३४-३५ |
| ११.३ | मूल्याङ्कनका तरिका र साधन | ३५-३६ |
| ११.४ | विषयक्षेत्रगत रुपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरु : (कक्षा १-३) | ३७-३८ |
| ११.५ | मूल्याङ्कन विधि र प्रक्रिया (कक्षा ४-८) | ३८-३९ |
| ११.६ | निर्माणात्मक मूल्याङ्कनका साधनहरु र प्रयोग | ३९-३९ |
| ११.७ | आन्तरिक मूल्याङ्कन : (कक्षा ४-८) | ३९-४२ |
| ११.८ | विद्यार्थीको प्राप्ताङ्कको अक्षराङ्कन पद्धतीमा रुपान्तरण : | ४२-४२ |
| ११.९ | अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका | ४२-४३ |
| | तरिका तथा साधनको प्रयोग | ४२-४३ |
| १२. | शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट | ४३-४४ |
| १३. | स्थानीय पाठ्यक्रम कार्यान्वयन योजना | ४४-४५ |
| १४. | पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार | ४५-४५ |
| १५. | स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव | ४५-४७ |
| १६. | व्यवहार कुशल सिपहरु (Soft Skills) | ४८-४९ |
| | अनुसूचीहरु | ४९-५१ |

## १. परिचय :

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको सापेक्षतामा गरिन्छ। पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ। पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ। राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरकफरक स्थानका फरकफरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ। यसका लागि राष्ट्रियस्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ। स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेको हुनुपर्दछ। स्थानीय पाठ्यक्रम भनेको पनि राष्ट्रिय पाठ्यक्रमको एक अंश भएकाले यसको ढाँचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमकै रूपमा राख्ने गरिन्छ तथापि स्थानीय ज्ञान सीपको उपयोग गरी फरकफरक ढाँचा हुँदा पनि आपत्ति हुँदैन। जुनसुकै पाठ्यक्रममा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गरिएको हुनुपर्दछ। तसर्थ स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रममा रहनुपर्ने उद्देश्य, विषयवस्तु, कक्षागत सिकाइ उपलब्धि, शिक्षण सिकाइ प्रकिया र मूल्याङ्कनका अंश रहनु पर्दछ। विषयक्षेत्रका रूपमा अलग्गै स्थानीय पाठ्यक्रम र हने व्यवस्था कक्षा १–८ को पाठ्यक्रम संरचना रहेको छ। यही संरचनाअनुसार विद्यालय वा स्थानीय तहले पाठ्यक्रम विकास वा अनुकूलन गरी कार्यान्वयन गर्नुपर्दछ भने अन्य विषयक्षेत्रमा पनि विद्यालय तथा सम्बन्धित शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय विषयवस्तु समावेश वा एकीकरण गर्न सक्दछन्। यसमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा तथा परियोजना कार्यमा स्थानीय परिवेश र विषयवस्तुबाट क्रियाकलाप सुरु गर्ने, यसलाई पाठ्यक्रमका विषयवस्तुसँग जोड्ने गर्न सक्दछन्। त्यसै गरी सिकाइ क्रियाकलापका क्रममा स्थानीय परिवेशका उदाहरण प्रस्तुत गर्ने, सिकाइलाई स्थानीय परिवेशमा प्रयोग गर्ने, स्थानीय विषय वा परिवेशसँग सम्बन्धित गराउने गर्नुपर्छ। पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण सिकाइमा स्थानीय विषयवस्तु एकीकरण गर्नाले सिकाइलाई रुचिकर र सान्दर्भिक बनाउन थप सहयोग पनि प्राप्त हुन्छ। वि.सं. २०७९ देखि कक्षा १, २, ३, ६ र ७ मा कार्यान्वयन प्रारम्भ भई दुई वर्षमा कक्षा १–८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १–३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ भने ४–८ कक्षा मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा छुट्याइएको छ। कक्षा १–८ यो समयावधिमध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्नेछन्। सामान्यतया कक्षा १–३ मा कम्तिमा २ देखि बढीमा ५ पाठ्यघन्टा तथा कक्षा ४–५ कम्तिमा २ देखि बढीमा ४ पाठ्यघन्टा कुनै एक मातृभाषा शिक्षण गर्ने व्यवस्था गर्नु उपयुक्त हुनेछ। कक्षा

६–८ मा भने स्थानीय आवश्यकता तथा मागका आधारमा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा, मातृभाषा र अन्य कुनै एक स्थानीय विषय वा स्थानीय विषय अध्यापन गराउन सक्ने व्यवस्था मिलाउन सकिने व्यवस्था छ । यसै सम्बन्धमा बाग्मती प्रदेशको धादिङ जिल्लाको खनियाबास गाउँपालिकाले आफ्नो स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै सरोकारवालाहरूको छलफलबाट पहिलो चरणमा कक्षा १-८ मा हाम्रो खनियाबास बिषयमा स्थानीय पाठ्यक्रम तयार गरेको छ । यस पाठ्यक्रममा १६ ओटा थिमहरू समावेश गरिएका छन् ।

## २. विषय क्षेत्र :

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (परिमार्जित २०६५), आधारभूत तह (कक्षा ६-८) पाठ्यक्रम २०६९ तथा स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४, स्थानीय पाठ्यक्रम प्रारूप २०७१, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०७६ मा रहेको प्रावधान अनुरूप यो पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रमले मुलभूत रूपमा खनियाबास गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेट्ने प्रयास गरेको छ। स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान सीप प्रदान गर्ने यसको मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक तथा आर्थिक पक्षलाई प्रविष्ट गरेको छ र यहाँको भाषा, लिपि, प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनलाई महत्व दिएको छ ।

## ३. पाठ्यक्रमको औचित्य :

मानव सभ्यता र विकासका लागि स्थानीय तहबाट नै जागरुकता आउनुपर्दछ । संसारमा सबै प्रकारका विकास र सुधारका कार्यहरू मानवबाट नै सम्भव भएका छन् । मानिसले सर्वप्रथम आफ्नो गाँउ, समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक सम्पदाहरू, सास्कृतिक एवम् ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकार हुनुपर्दछ । आफू र आफ्नो क्षेत्रबाट सुधारको पहल गरेर मात्र व्यापक क्षेत्रमा पुग्न सकिन्छ । यस पाठ्यक्रमले यस क्षेत्रको विशिष्ट पहिचान दिन्छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज र जिल्लाको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्दछ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्य मान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरूलाई स्थानीय परिवेशको सर्वाङ्गीण पक्षको पहिचान गराई सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणा समेत प्रदान गर्नेछ । भविष्यमा स्थानीय क्षेत्रको विकासका निम्ति नयाँ सम्भावनाहरू पहिल्याउने अवसर दिनेछ । सामाजिक सहिष्णुता र मेलमिलापको वातावरण विकास

गरी दिगो विकासका लागि सामाजिक ऐक्यबद्धताको सन्देश प्रवाह गर्दै पेसा व्यवसायको लागि गाँउ छोड्ने प्रवृत्तिलाई समेत निरुत्साहित गर्नेछ ।

**४. सक्षमताहरु :**

आधारभूत तह कक्षा (१-८) को अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमता विकास हुने छन् :

१. खनियाबास गाउँपालिकाको परिचय, सिमाना, क्षेत्रफल, ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्थिति र गाउँपालिकाको नक्सा

२. खनियाबास गाउँपालिकामा रहेका विभिन्न कार्यालयहरू, संघ संस्थाहरू, विद्यालयहरूको परिचय

३. तरकारी तथा फलफूल खेती गर्दा प्रयोग हुने घरायसी तथा आधुनिक औजारको बारेमा जानकारी तथा सामान्य प्रयोग

४. पशुपालनको महत्व, त्यसमा लाग्ने रोग र त्यसको रोकथाम

५. स्थानीय धर्म, जात, भाषा, संस्कृति, परम्परा, चाडपर्व र चालचलन तथा त्यसको संरक्षण र संवर्द्धन

६. समाजमा रहेका बिभिन्न विकृति विसङ्गतिहरूबाट टाढा रहन

७. स्थानीय मौलिकता तथा स्थानीय उत्पादनहरूको पहिचान गरी त्यसको संरक्षण तथा संवर्द्धन

८. खनियाबास गाउँपालिका भित्र रहेका पुरातात्विक सम्पदाको पहिचान र संरक्षण

९. स्थानीय प्राकृतिक प्रकोप, स्वास्थ्य सम्बन्धी चेतना र ट्राफिक नियम सम्बन्धी सामान्य जानकारी

**५. तहगत उद्देश्य :**

आधारभूत तह (१-८) को अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

१. खनियाबास गाउँपालिकाको परिचय, सिमाना, क्षेत्रफल, ऐतिहासिक पृष्ठभूमि, भौगालिक अवस्थिति बताउन र गाउँपालिकाको नक्सा बनाउन

२. खनियाबास गाउँपालिकामा रहेका विभिन्न कार्यालयहरू, संघ संस्थाहरू, विद्यालयहरूको परिचय दिन

३. तरकारी तथा फलफूल खेती गर्दा प्रयोग हुने घरायसी तथा आधुनिक औजारको बारेमा जानकारी लिन तथा सामान्य प्रयोग गर्न

४. पशुपालनको महत्व तथा त्यसमा लाग्ने रोग र त्यसको सामान्य रोकथामबारे बताउन र सचेत हुन

५.आफ्नो धर्म, जात, भाषा, संस्कृति, परम्परा, र चालचलनसंग परिचित भई त्यसको संरक्षण र संवर्द्धन गर्न

६. स्थानीय तहभित्र मनाइने विभिन्न चाडपर्वहरूसँग परिचित भई सरिक हुन

७. समाजमा रहेका बिभिन्न विकृति विसंगतिहरूबाट टाढा रहन

८. स्थानीय मौलिकता तथा स्थानीय उत्पादनहरूको पहिचान गरी त्यसको संरक्षण तथा संवर्द्धन गर्न

९. खनियाबास गाउँपालिकाभित्र रहेका पुरातात्विक सम्पदाको पहिचान र संरक्षण गर्ने उपाय बताउन

१०. स्थानीय प्राकृतिक प्रकोपबारे जानकार भई त्यसबाट बच्ने उपायहरू खोजी गर्न

११. स्वास्थ्य सम्बन्धी चेतना र ट्राफिक नियमबारे बताउन ।

**६. थिमहरु/मुख्य बिषयवस्तुहरु :**

थिम १: खनियाबास गाउँपालिकाको परिचय

थिम २: हाम्रो सम्पदा,

थिम ३: हाम्रो संस्कार संस्कृति र रितिरिवाज,

थिम ४: हाम्रो पर्यटन,

थिम ५: हाम्रो दैनिकी र जीवनशैली,

थिम ६: हाम्रो परम्परागत सिप, प्रविधि र व्यबसाय

थिम ७: हाम्रो भाषा, भेषभुषा र लिपिहरु,

थिम ८: पोषण तथा सरसफाइ,

थिम ९: विपद् र त्यसबाट बच्ने उपायहरु,

थिम १०: समाज र राजनीति,

थिम ११: सडक र सुरक्षा,

थिम १२: सामाजिक समस्या र समाधानका उपायहरु,

थिम १३: जनसंख्या र शैक्षिक अवस्था,

थिम १४: हाम्रो ऐन, नियम, कानुन र कार्यविधिहरु

थिम १५: विद्युत सञ्चार र सुचना प्रविधि,

थिम १६: वातावरण विनास र संरक्षण,

## ७. बिषय वस्तुको विस्तृतिकरण :

| विषय क्षेत्र | कक्षा | विषयवस्तुको विस्तृतिकरण | सिकाइ उपलब्धिहरु | सिकाइ सहजिकरण | विद्यार्थी मूल्यांकन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १.खनियाबासको परिचय | १ | - घरको चित्र बनाउन<br>- छिमेकीको घरको चित्र बनाउन<br>- घरसम्म आउने बाटोको चित्र बनाउन<br>-आफु बसेको टोलको नाम भन्न<br>-आफ्नो गाउँपालिकाको नाम भन्न | आफु बसेको टोलको नाम भन्न सक्ने<br>आफ्नो गाउँपालिकाको नाम भन्न सक्ने | -घरको चित्र बनाउन लगाउने<br>-छिमेकीको घरको चित्र बनाउन लगाउने<br>-घरसम्म आउने बाटोको चित्र बनाउन लगाउने,<br>-प्रत्येक विद्यार्थीलाई आफु बसेको टोल र गाउँपालिकाको नाम सोध्ने,<br>-छलफल गराउने | तपाई बसेको टोलको नाम भन्नुहोस् ।<br>तपाई कुन गाउँपालिकामा बस्नुहुन्छ ? | २० |
| | २ | आफु बसेको टोल र गाउँपालिकाको नाम भन्न र लेख्न | आफु बसेको टोल र गाउँपालिकाको नाम भन्न र लेख्न सक्ने | -आफु बसेको घर, छिमेक, टोलको नक्सा बनाउन लगाउने<br>-घर घर मिलेर टोल, टोल टोल मिलेर वडा,<br>-वडा वडा मिलेर पालिका बन्दछ भनेर गाउँपालिकाको नक्सा प्रदर्शन गर्दै सहजीकरण गर्ने | तपाई बसेको टोलको नाम लेख्नुहोस् ।<br>तपाईको छिमेकीको नाम लेख्नुहोस् ।<br>तपाईको गाउँपालिकाको नाम लेख्नुहोस् । | २० |
| | ३ | आफ्नो गाउँपालिकाको बारेमा छोटकरीमा बताउन र लेख्न | आफ्नो टोल, वडा संख्या, वडा नं र गाउँपालिकाको बारेमा छोटो परिचय बताउन र लेख्न सक्ने । | -आफु बसेको टोल र गाउँपालिकाको नक्सा प्रदर्शन गर्दै वडा संख्या बताइदिने<br>-घर, छिमेक, टोल, वडा र गाउँपालिकाको सिमानाहरु बरे छलफल गर्ने, | तपाइको गाउँपालिकामा कतिवटा वडाहरु छन् ?<br>आफ्नो घर, टोल, छिमेक वडा र गाउँपालिकाबारे छोटकरीमा लेख्नुहोस् । | २० |
| | ४ | खनियाबास गाउँपालिकाको सामान्य परिचय । | खनियाबास गाउँपालिकाको सामान्य परियच दिन । | -घर र आँगनको क्षेत्रफल प्रचलित पद्धतिमा सोध्ने<br>-टोल, वडा र गाउँको अन्दाजी क्षेत्रफल छलफल गर्ने<br>गाउँपालिकाको सामान्य परिचय दिन लगाउने,<br>- गाउँपालिकाको सिमानाको बारेमा सोध्ने<br>- गाउँपालिकाको क्षेत्रफलको बारेमा छलफल गर्ने | तपाईको टोल र गाउँको परिचय दिनुहोस् ।<br>- तपाईका टोल र गाउँको सिमानामा के-के छन्?<br>- तपाईका टोल र गाउँको क्षेत्रफल कति छ? -<br>- तपाईका साथीको घरको क्षेत्रफल कति छ? | १० |
| | ५ | घर, गाउँ, छिमेक, टोल, वडा र गाउँपालिकाको क्षेत्रफल, जनसंख्या र भौगोलिक अवस्थिति । | घर, गाउँ, छिमेक, टोल, वडा र गाउँपालिकाको जनसंख्या र भौगोलिक अवस्थिति बताउन । | - घर, गाउँ, छिमेक, टोल, वडा र गाउँपालिकाको जनसंख्याको बारेमा प्रस्ट पाने<br>- घर, गाउँ, छिमेक, टोल, वडा र गाउँपालिकाको भौगोलिक अवस्थितिका बारेमा बताउने । | तपाईका टोलको जनसंख्या कति छ?<br>- तपाईका टोलको भौगोलिक अवस्थिति बताउनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ६ | आफ्नो गाउँमा भएको विद्यालयहरुको नाम, शिक्षकहरु संख्या धादिङ जिल्लाका १३ स्थानीय तहहरूको नाम | आफ्नो गाउँमा भएको विद्यालयहरुको नाम, शिक्षकहरु संख्या बताउन र लेख्न<br><br>धादिङ जिल्लाका १३ स्थानीय तहहरूको नाम बताउन र लेख्न | छिमेकी स्थानीय तहको नाम भन्न लगाउने,<br>- धादिङ जिल्लाका १३ स्थानीय तहहरूको सूची तयार गर्न लगाउने,<br>- विद्यार्थीहरूलाई उक्त सूची सार्न लगाउने सम्भव भएसम्म १३ स्थानीयतहहरूको नाम समावेश हुने गरी लयात्मक शैलीमा कविता बनाउन प्रोत्साहन गर्ने, कक्षामा सुनाउने र विद्यार्थीहरूलाई त्यसको अनुशरण गर्न<br>लगाउने। | - तपाईका छिमेकी पालिकाहरूको नाम के-के हो?<br>- तपाईका जिल्लामा कति स्थानीय तहहरू छन्? ती के-के हुन्? | ५ |
| | ७ | विद्यालय हतामा हरियाली र सरसफाइ व्यबस्थापन<br><br>खनियाबास गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि | विद्यालय हतामा हरियाली र सरसफाइ व्यबस्थापन गर्न<br><br>खनियाबास गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि बताउन र लेख्न | परिवारका सदस्यहरुको ऐतिहासिक पृष्ठभूमि पालै पालो बताउन लगाउने<br>टोल, छिमेक र गाउँको ऐतिहासिक पृष्ठभूमि पालै पालो बताउन लगाउने<br>खनियाबास गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि - खनियाबास गाउँपालिकाको नामाकरण<br>- खनियाबास गाउँपालिका को नामाकरण कसरी भयो भन्ने सन्दर्भ उल्लेख गर्ने -<br>- खनियाबास गाउँपालिकाको ऐतिहासिक महत्वको बारेमा कक्षामा विद्यार्थीहरूलाई बताउने<br>टोल तथा वडामा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरुको नाम सोध्ने। | खनियाबास गाउँपालिकाको नाम कसरी रहन गयो ?<br><br>खनियाबास गाउँपालिकाको ऐतिहासकि स्थलहरुको नाम बताउनुहोस्। | ५ |
| | ८ | स्थानीय तह (खनियाबास गाउँपालिका) को नक्सा बनाई वडाहरूको पहिचान<br><br>- खनियाबासगाउँपालिका अन्तर्गत आफ्नो वडामा रहेको सरकारी कार्यालय, विद्यालय, विभिन्न संघ संस्था, बैंक तथा वित्तीय संघ, स्वास्थ्य संस्थाको नाम र तिनीहरूको ठेगाना । | स्थानीय तह (खनियाबास गाउँपालिका) को नक्सा बनाई वडाहरू छुट्याउन सकिने।<br>- खनियाबासगाउँपालिका अन्तर्गत आफ्नो वडामा रहेको सरकारी कार्यालय, विद्यालय, विभिन्न संघ संस्था, बैंक तथा वित्तीय संघ, स्वास्थ्य संस्थाको नाम र तिनीहरूको ठेगाना बताउन सकिने। | खनियाबास गाउँपालिकाको नक्सा विद्यार्थीहरूलाई खनियाबास गाउँपालिकाको नक्सा बनाउन सिकाई त्यसमा वडाहरू छुट्याउन सिकाउने<br><br>खनियाबासगाउँ पालिका अन्तर्गत आफ्नो वडामा रहेका विभिन्न संस्थाहरू तथा तिनको ठेगाना - सरकारी कार्यालयहरू - विद्यालयहरू - विभिन्न NGO, INGO हरू - बैक तथा वित्तीय संघ संस्थाहरू स्वास्थ्य संस्थाहरू - आफ्नो वडामा रहेका विभिन्न सरकारी कार्यालयहरू, विद्यालयहरू, NGO, INGO हरू बैंक तथा वित्तीय संस्थाहरू, स्वास्थ्य संस्थाहरू आदिको भ्रमण गराउने, त्यस्था विभिन्न संस्थाहरूको नाम र तिनिहरू रहेको स्थानको ठेगाना टिप्न विद्यार्थीहरूलाई प्रेरित गर्ने | खनियाबास गाउँपालिकाको नक्सा बनाई वडाहरू छुट्याउनुहोस।<br><br>- तपाईका वडामा कति विद्यालयहरू छन् ?<br>- तपाईका वडामा मानिसहरू विर ामी भएमा कहाँ जान्छन्? तपाईका वडामा रहेका NGO, INGO हरूको नाम भन्नुहोस। | ५ |
| २. हाम्रो सम्पदा | १ | प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान | स्थानीय प्राकृतिक सम्पदाहरु (वन, जंगल, खोला, नाला आदि) र सांस्कृतिक सम्पदाहरु(मठ, मन्दिर, गुम्बा, चर्च आदि) को पहिचान गर्ने | स्थानीय प्राकृतिक सम्पदाहरु (वन, जंगल, खोला, नाला आदि) र सांस्कृतिक सम्पदाहरु( मठ, मन्दिर, गुम्बा,चर्च आदि) के के छन् भनी प्रश्न सोध्ने, तिनको चित्र बनाउन लगाउने र गर्ने | चित्रमा देखिएको प्राकृतिक र सांस्कृतिक सम्पदाहरुको नाम भन्नुहोस्। | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान र नाम बताउन | स्थानीय प्राकृतिक सम्पदाहरु (वन, जंगल, खोला, नाला आदि) र सांस्कृतिक सम्पदाहरु(मठ, मन्दिर, गुम्बा, चर्च आदि) को पहिचान गर्ने नाम थाहा पाउन | स्थानीय प्राकृतिक सम्पदाहरु (वन, जंगल, खोला, नाला आदि) र सांस्कृतिक सम्पदाहरु( मठ, मन्दिर, गुम्बा,चर्च आदि) के के छन् र तिनको चित्र बनाइ नाम समेत भन्न लगाउने र लेख्न सहजीकरण गर्ने | चित्रमा देखिएको प्राकृतिक र सांस्कृतिक सम्पदाहरुको नाम भन्नुहोस् । | २० |
| ३ | स्थानीय ५ प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान र नाम थाहा पाउन र लेख्न | स्थानीय प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान र नाम थाहा पाउन सक्ने | स्थानीय स्तरमा कतिवटा खोला, पोखरी, चौतारा छन् सोध्ने ती सबै दर्साउने चित्र बनाउन लगाउने,<br>घर, गाउ र टोल समेट्ने गरी चित्र बनाइ प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संकेत गर्न लगाउने । | स्थानीय प्राकृतिक तथा सांस्कृतिक सम्पदाको नाम भन्नुहोस् । | २० |
| ४ | खनियाबास गाउँपालिका भित्र रहेका पुरातात्विक सम्पदाको पहिचान गर्न र संर क्षणको आवश्यकताबारे बताउन | · पुरातात्विक सम्पदालाई चिन्न र अर्थ बताउन<br>· आफ्नो समुदायमा भएका पुरातात्विक सम्पदाको नाम बताउन<br>· पुरातात्विक सम्पदा (सत्यदेवी मन्दिर, सिंल्ह, गोमोजोङ दरबार, तातोपानी, मोती गुफा, म्हन्दङ, ल्याक्चे कुण्ड) लाई संरक्षण गर्न पर्नाका आवश्यकताहरु बताउन र लेख्न | · आफ्नो टोल, वडा भित्रका पुराना सम्पदाको चित्र  बनाउन लगाउने<br>· आफ्नो समुदायमा भएका पुराना सम्पदाको अवलोकन गराई अवस्था, महत्व र संरक्षण किन गर्नेबारेमा छलफल गर्ने । | · पुरातात्विक सम्पदाको नाम सोध्ने,<br>· आफ्नो समुदायमा भएका पुरातात्विक सम्पदाको नाम भन<br>· त्यसलाई जोगाउन के गर्नुपर्छ ? | १० |
| ५ | गाउँपालिकाभित्र रहेका पुरातात्विक सम्पदाको पहिचान र संरक्षणको आवश्यकता<br>· पुरातात्विक सम्पदाको उदाहरण सहित परिभाषा दिन | गाउँपालिकाभित्र रहेका पुरातात्विक सम्पदाको पहिचान र संरक्षणको आवश्यकता बताउन<br>· पुरातात्विक सम्पदाको उदाहरण सहित परिभाषा दिई उदाहरण दिन | · पुरातात्विक सम्पदाको परिचय दिने<br>· आफ्नो समुदायमा र वडाभित्र र छिमेकी वडामा रहेका पुरातात्विक सम्पदाहरूको नाम टिप्न लगाउने<br>· आफ्नो घर, छिमेक, टोल, वडा भित्रका पुरातात्विक सम्पदाको चित्र बनाउन लगाई त्यसको अर्थ र सामान्य परिचय गर्न लगाउने । | · आफ्नो समुदायमा भएका पुरातात्विक सम्पदाको नाम भन ।<br>· त्यसलाई जो गाउन के गर्नुपर्छ ? | १० |
| ६ | · आफ्नो समुदायमा र वडाभित्र र छिमेकी वडामा रहेका पुरातात्विक सम्पदाको अवलो कन गरी पहिचान गर्न र सोबारे सामान्य जानकारी दिन, | · आफ्नो समुदायमा र वडाभित्र र छिमेकी वडामा रहेका पुरातात्विक सम्पदाको अवलो कन गरी पहिचान गर्न र सोबारे सामान्य जानकारी दिन, | · आफ्नो समुदायमा भएका पुरातात्विक सम्पदाको अवलोकन गराई अवस्था र महत्व छलफल गराउने<br>· त्यसलाई जोगाउन के-के गरेका छन् ? र के के गर्नुपर्छ भनी छलफल गराउने | · आफ्नो समुदायमा भएका पुरातात्विक सम्पदाको नाम भन । · त्यसलाई जोगाउन के गर्नुपर्छ ? | ५ |
| ७ | गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदा (जल, जमिन, जंगल, जडिबुटी आदि)को पहिचान र संरक्षणको आवश्यकता | गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदा (जल, जमिन, जंगल, जडिबुटी आदि)को पहिचान र संरक्षणको आवश्यकता बताउन | · आफ्नो समुदायमा भएका प्राकृतिक सम्पदाको अवलोकन गराई अवस्था र महत्व छलफल गराउने<br>· त्यसलाई जोगाउन के-के गर्नुपर्छ भनी छलफल गराउने | - तपाईका गाउँपालिकामा रहेका प्राकृतिक सम्पदाहरू के-के हुन्? | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८ | - स्थानीय स्तरमा रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको भ्रमण गरी तिनका बारेमा विद्यार्थीहरूलाई जानकारी गराउन सकिने । | स्थानीय स्तरमा रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको भ्रमण गरी तिनका बारेमा विद्यार्थीहरूलाई जानकारी गराउन सकिने । | • स्थानीय स्तरमा भएका धार्मिक स्थलहरूको नाम भन्न र लेख्न लगाउने,<br>धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको भ्रमण गराउने,<br>तिनका बारेमा विद्यार्थीहरूलाई खोजी गर्न र त्यसकोबारेमा जानकारी गर्न लगाउने । | - तपाईका समुदायमा कुन कुन धार्मिक स्थलहरू छन्?<br>- खनियाबास गा.पा. भित्र रहेका धार्मिक स्थलहरू के-के हुन्? | ५ |
| ३. हाम्रो संस्कार संस्कृति र रितिरिवाज | १ | - अभिवादन गर्न<br>आफ्नो जात बताउन | - अभिवादन गर्न सक्ने<br>आफ्नो जात बताउन सक्ने | - कहिल्यै कसैलाई अभिवादन गरेका छौ भनी सोध्ने,<br>- गरेको भए अभिनय गरी देखाउन लगाउने,<br>- अभिवादनको नमुना प्रदर्शन गरी आफ्नो<br>- जातीय, भाषिक शैलीमा अभिभादन गर्न लगाउने<br>- कहिले अभिवादन गर्ने, कहिले ढोग्ने आदिबारे भन्न लगाउने । | - साथीलाई अभिवादन गर्न लगाउने | २० |
| | २ | - परिवारभित्र गरिने सामान्य सम्बोधन र शिष्टाचार गर्न । | -परिवारभित्र गरिने सम्बोधन र शिष्टाचार<br>- परिवार भित्रका सदस्यहरूको नाम<br>- परिवार भित्रका सदस्यहरूसंगको नाता जस्तै दाजु, भाइ, दिदी, बहिनी, बुबा, आमा, हजुरबा, हजुरआमा<br>- परिवार भित्रका सदस्यहरूसंग गरिने सम्बोधन जस्तै: लस्सो, फ्याफुल्जी, नमस्कार, ढोग, दर्शन, जय मसीह, good morning, good afternoon, good evening, good night आदि | - प्रत्येक विद्यार्थीलाई परिवारका सदस्यहरूको नाम सोधेर सेतोपाटीमा टिप्दै जाने ।<br>- टिपिएका नामसंगको नाता टिप्दै जाने र उनीहरूलाई पनि टिप्न प्रेरित गर्ने ।<br>- आफ्नो थर भन्न लगाउने<br>- आमा, काकी, भेना, ज्वाइँ आदिको थर सोध्ने<br>- परिवारका सदस्यहरूसंग गरिने विभिन्न शिष्टाचारहरू कुन शिष्टाचार कुन सदस्यलाई कुन समयमा विभिन्न भाषामा कसरी गर्न सकिन्छ, कक्षामा छलफल र अभिनय गराउने, | - तपाईका घरमा को को सदस्यहरू छन्?<br>- तिमीसंग उनीहरूको नाता के हो?<br>- बुबालाई कस्तो शिष्टाचारको शब्द प्रयोग गर्छौ?<br>- दाजुभाइलाई कस्तो शिष्टाचारको शब्द प्रयोग गर्न सकिन्छ? | २० |
| | ३ | - स्थानीय धर्महरूको नाम बताउन | - स्थानीय धर्महरु :<br>- आफ्नो परिवारले मान्ने धर्म<br>- साथीहरूको परिवारले मान्ने धर्म<br>- छिमेकीहरूको धर्म<br>- स्थानीय धर्महरु :<br>जस्तै : हिन्दु धर्म, बौद्ध धर्म, इसाई धर्म | - प्रत्येक विद्यार्थीको परिवारमा मानिने धर्महरू सेतोपाटीमा टिप्ने<br>- एक विद्यार्थीले अर्को व्यक्तिलाई तपाईका धर्म कुन हो भनी सोध्न लगाई पहिचान गराउने<br>- विद्यार्थीलाई तपाईका छिमे कमा कुनकुन धर्म मान्ने मानिसहरू बसोवास गर्छन् भनी प्रश्न गर्ने र टिप्न लगाउने<br>- स्थानीय तहमा मानिने प्रमुख धर्महरूको नाम भन्न लगाउने । | - तपाईका परिवारले मनाउने धर्म कुन हो?<br>- तपाईका साथीहरूले मनाउने धर्महरू कुन कुन हुन्?<br>- तपाईका समुदायमा कुनकुन धर्म मान्ने मानिसहरू बसो बास गर्छन्?<br>- तपाईका स्थानीय तहमा मानिने प्रमुख धर्महरू कुनकुन हो? | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | - आफ्नो समुदायमा भएका व्यक्तिहरूसँग गरिने सामान्य व्यवहार तथा आचरण गर्न । | - मेरो समुदाय र व्यवहार:<br>- छिमेकी सदस्यहरूको नाम<br>- समुदाय भित्रका सदस्यहरूसंगको नाता जस्तै दाजु, भाइ, दिदी, बहिनी, हजुरबा, हजुरआमा, काका, काकी, अङ्कल, आन्टी, ठुलाबा, ठुलीआमा, मामा, माइजू, सानीमा, सानुबा आदि<br>- समुदाय भित्रका सदस्यहरूसंग गरिने सम्बोधन जस्तैः नमस्कार, ढोग, दर्शन, जय मसिह, जोजो लप्पा, ल्हस्सो, good morning, good afternoon, good evening, good night आदि | - प्रत्येक विद्यार्थीलाई छिमे कीका सदस्यहरूको नाम सोधेर सेतोपाटीमा टिप्दै जाने ।<br>- सो काम उनीहरूलाई कापीमा टिप्न लगाउने, आवस्यक स्थानमा शिक्षक ले सहजीकरण गरिदिने ।<br>- टिपिएका नामसंगको नाता टिप्दै जाने र उनीहरूलाई पनि टिप्न प्रेरित गर्ने ।<br>- समुदायका सदस्यहरूसंग गरिने विभिन्न शिष्टाचारहरू टिपेर कुन शिष्टाचार कुन सदस्यलाई कुन समयमा गर्न सकिन्छ, कक्षामा छलफल गराउने, | - तपाईका छिमेकीमा को को सदस्यहरू छन्?<br>- तिमीसंग उनीहरूको नाता के हो?<br>- अङ्कललाई कस्तो शिष्टाचार को शब्द प्रयोग गर्छौ?<br>- मामा-माइजूलाई कस्तो शिष्टाचार को शब्द प्रयोग गर्न सकिन्छ? | १० |
| ५ | स्थानीय रितिरिवाजबारे जानकारी दिन । | स्थानीय स्तरमा आयोजना गर्ने तथा पालना गरिने रितिरिवाज | - प्रत्येक विद्यार्थीलाई आफ्नो परिवारमा पालना गर्ने रितिरिवाज सोधेर सेतोपाटीमा टिप्दै जाने ।<br>- सो काम उनीहरूलाई कापीमा टिप्न लगाउने, आवस्यक स्थानमा शिक्षकले सहजीकरण गरिदिने ।<br>- टिपिएका रितिरिवाजहरु क्सरी सम्पन्न गरिन्छ टिप्दै जाने र उनीहरूलाई पनि टिप्न प्रेरित गर्ने<br>- परिवारका सदस्यहरूले सम्पन्न गरिने विभिन्न रितिरिवाजहरू टिपेर किन, कहिले सम्पन्न गरिने गर्दछ भनेर कक्षामा छलफल गराउने, | - हाम्रा रितिरिवाजहरु के के हुन् ? | १० |
| ६ | स्थानीय रुपमा मान्ने धर्महरूको परिचय दिन<br><br>तामाङ संस्कार, संस्कृतिहरूका बारेमा सामान्य जानकारी दिन | स्थानीय धर्महरु :<br>- आफ्नो परिवारले मान्ने धर्म<br>- साथीहरूको परिवारले मान्ने धर्म<br>- छिमेकीहरूको धर्म<br>- स्थानीय रुपमा मान्ने धर्महरू<br>जस्तै : हिन्दु धर्म, बौद्ध धर्म, इसाई धर्म, बहाई धर्म आदि<br>- स्थानीय संस्कार<br>- स्थानीय संस्कृति | - प्रत्येक विद्यार्थीको परिवारमा मानिने धर्महरू सेतोपाटीमा टिप्ने<br>- एक विद्यार्थीले अर्को व्यक्तिलाई तपाईका धर्म कुन हो भनी सोध्न लगाई पहिचान गराउने<br>- विद्यार्थीलाई तपाईका छिमे कमा कुनकुन धर्म मान्ने मानिसहरू बसोवास गर्छन् भनी प्रश्न गर्ने र टिप्न लगाउने<br>- स्थानीय तहमा मानिने प्रमुख धर्महरूको नाम बताउने<br>- आफ्नो समुदायमा रहेका मानिसहरूको जात, धर्म, पेसा, प्रमुख चाडवाड, आदिको बारेमा बताइदिने,<br>- तिनीहरूको सूचि तयार पार्न लगाउने, आवश्यक सहजीकरण गरिदिने<br>जन्म र न्वारन, मृत्यु संस्कारबारे बताउने । | - तपाईका परिवारले मनाउने धर्म कुन हो?<br>- तपाईका साथीहरूले मनाउने धर्महरू कुनकुनहुन्?<br>- तपाईका समुदायमा कुनकुन धर्म मान्ने मानिसहरू बसो बास गर्छन्? - तपाईका स्थानीय तहमा मानिने प्रमुख धर्महरू कुनकुन हो?<br>- तपाईका समुदायमा कुन कुन जातका मानिसहरू बसोबास गर्दछन्?<br>- तपाईले मनाउने प्रमुख चाडहरू के-के हुन्? | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७ | - असल बानी र खराब बानीहरू पहिचान गर्न<br>- असल बानीहरू व्यबहार गर्न | - असल बानी र खराब बानीहरू पहिचान गरी असल बानीहरू व्यबहार गर्न<br>असलवानी<br>जस्तै : बुबा आमालाई आदर सत्कार गर्ने, गुरुलाई आदर मान गर्ने आदि<br>खराबवानी :<br>जस्तै : अरुसंग झगडा गर्ने, मादक पदार्थ सेवन गर्ने आदि | - तपाईका परिवारका सदस्यहरुको के-के बानी छन् भनी प्रश्न गर्ने<br>- तपाईलाई कस्तो बानी मन पर्छ र किन ? भनेर सोध्ने,<br>- उनीहरूलाई आफ्ना बानीहरू सबै सामु व्यक्त गर्न लगाउने,<br>- बानीसंग सम्बन्धित विभिन्न प्रश्नहरू गर्ने, जस्तै तिमी बिहान कति बजे उठ्छौ, त्यसपछि के गर्छौ, खाना खानु अघि हात धुन्छौ? आदि ।<br>- कस्ता बानीहरू असल बानी हुन् भनी कक्षामा छलफल गराउने र असल बानीलाई अनुशरण गर्न प्रेरित गर्ने<br>- कस्ता बानी खराब बानीहरू हुन् भनी कक्षामा छलफल गराउने र खराब बानीलाई छाड्नका लागि प्रेरित गर्ने । | - तपाईका कुनै बानीहरू के-के छन्?<br>- असल बानीहरू के-के हुन्?<br>- खराब बानीहरू के-के हुन्? | ५ |
| | ८ | धार्मिक र जातीय सहिष्णताबारे बताउन र व्यबहार गर्न<br><br>तामाङ संस्कार, संस्कृतिहरूका बारेमा सामान्य जानकारी दिन | - धार्मिक र जातीय सहिष्णुताबारे बताउन<br>- धार्मिक र जातीय सहिष्णु व्यबहार गर्न<br>- हाम्रा विभिन्न संस्कार संस्कृतिहरू जन्म देखि मृत्यु सम्म :<br>जस्तै : न्वारन (नम्जुङ)<br>विवाह (ब्रेल्सङ)<br>मृत्यु (सिदो) | - धार्मिक र जातीय सहिष्णता बारे बताउने<br>- धार्मिक र जातीय असहिष्णताले गाउँसमाजमा पारेको प्रभावबारे बताउने<br>- समाज निर्माणमा सहिष्णताको महत्व बताउने ।<br>- हाम्रा विभिन्न संस्कार संस्कृतिहरू जन्म देखि मृत्यु सम्म भन्न र लेख्न लगाउने | - धार्मिक र जातीय सहिष्णता भनेको के हो ?<br>- धार्मिक र जातीय सहिष्णताबारे गाउँसमाजमा नमना बनेर कसरी देखाउन सकिन्छ ? | ५ |
| ४. हाम्रो पर्यटन | १ | -आफ्नो टोलको पर्यटकीय स्थलको नाम बताउन । | - आफ्नो टोलको पर्यटकीय स्थलको नाम बताउन सक्नेछन् ।<br>जस्तैः सिंल्ह, ल्याक्चे कुण्ड, सिचेत आदि | - आफ्नो टोलको घुम्न रमाइलो लाग्ने स्थलहरुको नाम भन्न लगाउने र चित्र बनाउन लगाउने ।<br>- आफ्नो टोलको घुम्न रमाइलो लाग्नेस्थलहरुमा भ्रमण गराउने ।<br>-ती पर्यटकीय स्थलहरु के का लागि प्रख्यात छन् बताउने । | - आफ्नो टोलको घुम्न रमाइलो लाग्ने स्थलको नाम बताउ र चित्र बनाएर देखाउनुहोस् । | २० |
| | २ | - आफ्नो टोल र वडाको पर्यटकीय स्थलको नाम बताउन र लेख्न । | - आफ्नो टोल र वडाको ३ वटा पर्यटकीय स्थलको नाम बताउन र लेख्न सक्नेछन् । | - आफ्नो टोल र वडाको घुम्न रमाइलो लाग्नेस्थलहरुको छलफल गरी तस्विर प्रदर्शन गर्ने ।<br>- आफ्नो टोल र वडाको घुम्न रमाइलो लाग्नेस्थलहरुमा भ्रमण गराउने । | - आफ्नो टोल र वडाको घुम्न रमाइलो लाग्नेस्थलको नाम बताउनुहोस् ।<br>- आफ्नो टोल र वडाको घुम्न रमाइलो लाग्नेस्थलको नाम लेख्नुहोस् । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३ | - आफ्नो टोल, वडा र गाउँपालिकाको पर्यटकीय स्थलको नाम बताउन र लेख्न । | - आफ्नो टोल, वडा र गाउँपालिकाको रमणीय स्थलको नाम बताउन र लेख्न सक्नेछन् । | - आफ्नो टोल, वडा र गाउँपालिकाको रमणीय स्थलहरुको चित्र बनाउन लगाउने ।<br>- आफ्नो टोल, वडा र गाउँपालिकाको रमणीय स्थलहरुमा भ्रमण गराउने ।<br>- ती रमणीय स्थलहरु के का लागि प्रख्यात छन् बताउने ।<br>- विद्यार्थीले भ्रमण गरेका रमणीय स्थलहरुको नाम बताउन लगाउने ।<br>- ती घुम्न रमणीय स्थलहरु केका लागि प्रख्यात छन् बताउन लगाउने । | - आफ्नो टोल, वडा र गाउँपालिकाको रमणीय स्थलको नाम बताउनुहोस् ।<br>- आफ्नो टोल, वडा र गाउँपालिकाको रमणीय स्थलको नाम लेख्नुहोस् । | २० |
| | ४ | आफ्नो टोल, वडा , गाउँपालिका र नजिकको पर्यटकीय स्थलको नाम बताउन र लेख्न । | आफ्नो टोल, वडा , गाउँपालिका र नजिकके पर्यटकीय स्थलको नाम बताउन र लेख्न सक्नेछन् । | -आफ्नो टोल, वडा , गाउँपालिका र नजिकको पर्यटकीय स्थलहरुको छलफल गरी चित्र बनाउन लगाउने र तस्विर प्रदर्शन गर्ने ।<br>-आफ्नो टोल, वडा , गाउँपालिक र नजिकक पर्यटकीय स्थलहरुमा भ्रमण गराउने ।<br>-ती पर्यटकीय स्थलहरु के का लागि प्रख्यात छन् बताउन लगाउने ।<br>-विद्यार्थीले भ्रमण गरेका पर्यटकीय स्थलहरुको नाम बताउन र लेख्न लगाउने । | - आफ्नो टोल, वडा , गाउँपालिका र नजिकको रमणीय स्थलको नाम बताउनुहोस् ।<br>- आफ्नो टोल, वडा, गाउँपालिक र नजिकको रमणीय स्थलको नाम लेख्नुहोस् । | ५ |
| | ५ | - आफ्नो टोल, वडा, गाउँपालिका र नजिकको पर्यटकीय स्थलको महत्व बताउन र लेख्न । | - आफ्नो टोल, वडा, गाउँपालिका र नजिकके पर्यटकीय स्थलको महत्व बताउन र लेख्न सक्नेछन् । | - आफ्नो टोल, वडा , गाउँपालिका र नजिकको रमणीय स्थलहरुको छलफल गरी चित्र बनाउन लगाउने र प्रदर्शन गर्ने ।<br>- आफ्नो टोल, वडा , गाउँपालिक र नजिकक रमणीय स्थलहरुमा भ्रमण गराउने ।<br>- ती रमणीय स्थलहरु के का लागि प्रख्यात छन् सोधेर बताउन लगाउने ।<br>- विद्यार्थीले भ्रमण गरेका रमणीय स्थलहरुको महत्व बताउन र लेख्न लगाउने । | - आफ्नो टोल, वडा , गाउँपालिका र नजिकको रमणीय स्थलको महत्व बताउनुहोस् ।<br>- आफ्नो टोल, वडा , गाउँपालिक र नजिकको रमणीय स्थलको महत्व लेख्नुहोस् । | ५ |
| | ६ | - आफ्नो टोल, वडा, गाउँपालिका र नजिकको पर्यटकीय स्थलको ऐतिहासिकता बताउन र लेख्न । | - आफ्नो टोल, वडा , गाउँपालिका र नजिकके पर्यटकीय स्थलको ऐतिहासिकता बताउन र लेख्न सक्नेछन् । | - आफ्नो टोल, वडा , गाउँपालिका र नजिकको पर्यटकीय स्थलहरुको छलफल गरी चित्र बनाउन लगाउने र प्रदर्शन गर्ने ।<br>- आफ्नो टोल, वडा , गाउँपालिका र नजिकका पर्यटकीय स्थलहरुमा भ्रमण गराउने ।<br>- ती पर्यटकीय स्थलहरु के का लागि प्रख्यात छन् सोध खोज गरे बताउन लगाउने ।<br>- विद्यार्थीले भ्रमण गरेका पर्यटकीय स्थलहरुको ऐतिहासिकता सो खोज गर्न लगाउने, बताउन लगाउने र लेख्न लगाउने । | - आफ्नो टोल, वडा , गाउँपालिका र नजिकको पर्यटकीय स्थलको उैतिहासिकता बताउनुहोस् ।<br>- आफ्नो टोल, वडा, गाउँपालिका र नजिकको पर्यटकीय स्थलको ऐतिहासिकता लेख्नुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७ | - आफ्नो टोल, वडा, गाउँपालिका र नजिकको पर्यटकीय स्थलको ऐतिहासिकता र संरक्षणको आवश्यकता बताउन र लेख्न । | - आफ्नो टोल, वडा , गाउँपालिका र नजिकके पर्यटकीय स्थलको<br>- ऐतिहासिकता र संरक्षणको आवश्यकता बताउन र लेख्न सक्नेछन् । | - आफ्नो टोल, वडा , गाउँपालिका र नजिकको पर्यटकीय स्थलहरुको छलफल गरी तस्विर प्रदर्शन गर्न लगाउने ।<br>- आफ्नो टोल, वडा , गाउँपालिक र नजिकको पर्यटकीय स्थलहरुमा भ्रमण गराउने ।<br>- ती पर्यटकीय स्थलहरु के का लागि प्रख्यात छन् सोध खोज गर्न लगाउने ।<br>- विद्यार्थीले भ्रमण गरेका पर्यटकीय स्थलहरुको ऐतिहासिकता र संरक्षणको आवश्यकताबारे जानकार व्यक्तिसँग अन्तर्क्रिया गरी लेख्न लगाउने ।<br>पर्यटकीय स्थलका प्रकारहरु<br>- शैक्षिक, सांस्कृतिक, प्राकृतिक, आर्थिक, धार्मिक, ऐतिहासिक, साहित्यिक आदि) को वर्गीकरण गर्न लगाउने । | - आफ्नो टोल, वडा, गाउँपालिका र नजिकको पर्यटकीय स्थलको ऐतिहासिकता बताउनुहोस् ।<br>- आफ्नो टोल, वडा , गाउँपालिक र नजिकको ३ वटा पर्यटकीय स्थलको ऐतिहासिकता र संरक्षणको आवश्यकता लेख्नुहोस् । | ५ |
| | ८ | - आफ्नो टोल, वडा, गाउँपालिका र जिल्लाको पर्यटकीय स्थलको ऐतिहासिकता बताउन र लेख्न । | - आफ्नो टोल, वडा, गाउँपालिका र जिल्ला पर्यटकीय स्थलको ऐतिहासिकता बताउन र लेख्न सक्नेछन् । | - आफ्नो टोल, वडा, गाउँपालिका र जिल्लाको पर्यटकीय स्थलहरुको छलफल गरी भिडियो खिच्न वा खोज्न लगाइ कक्षामा प्रदर्शन गराउने ।<br>- आफ्नो टोल, वडा, गाउँपालिका र जिल्लाको पर्यटकीय स्थलहरुको भ्रमण गराउने ।<br>- ती पर्यटकीय स्थलहरु के का लागि प्रख्यात छन् सोध खोज गर्न लगाउने ।<br>- विद्यार्थीले भ्रमण गरेका पर्यटकीय स्थलहरुको ऐतिहासिकता सम्बन्धमा स्थानीय विज्ञसँग अन्तर्क्रिया गर्न लगाउने र प्रतिवेदन लेख्न लगाउने ।<br>- अन्य सम्भावित पर्यटकीय स्थलहरु कहाँ कहाँ हुन सक्लान् छलफल गराउने । | - आफ्नो टोल, वडा , गाउँपालिका र जिल्लाको पर्यटकीय स्थलको उैतिहासिकता बताउनुहोस् ।<br>- आफ्नो टोल, वडा , गाउँपालिका र जिल्लाको पर्यटकीय स्थलको ऐतिहासिकता लेख्नुहोस् । | ५ |
| ५. हाम्रो दैनिकी र जीवनशैली | १ | - आफुले दैनिक रुपमा गरेका कामहरु बताउन<br>- आफुले खाएका खानाहरु बताउन | -आफुले दैनिक रुपमा गरेका कामहरु बताउन<br>- आफुले खाएका खानाहरु बताउन | - बाजे बज्यैको पालादेखि हालसम्म विहान उठेदेखि गर्ने गरेका कामहरु बताउन लगाउने<br>- आफुले खाएका खानाहरुको नाम बताउन लगाउने | - तपाइले गर्न सक्ने कामहरु बताउ नुहोस् ।<br>- अहिले सम्म खाएका खानाको नाम भन्नुहोस् । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | - आफुले दैनिक रुपमा गरेका कामहरु बताउन र लेख्न<br>- आफुले खाएका खानाहरु बताउन र लेख्न | - आफुले दैनिक रुपमा गरेका कामहरु बताउन र लेख्न<br>- आफुले खाएका खानाहरु बताउन | - विहान उठेदेखि गरेका कामहरु बताउन र लेख्न लगाउने<br>- आफुले खाएका खानाहरुको नाम बताउन र लेख्न लगाउने<br>- विशेष चाडपर्वमा खाने परिकारहरुको नाम भन्न लगाउने र त्यसको स्वादबारे बताउन लगाउने | - तपाइले गर्न सक्ने कामहरु ब्ताउ र लेख्नुहोस्।<br>- अहिले सम्म खाएका खानाको नाम भनर लेख्नुहोस्। | १० |
| ३ | - आफु र परिवारका सदस्यहरुले दैनिक रुपमा गरेका कामहरु बताउन र लेख्न<br>- आफु र परिवारका सदस्यहरुले खाएका खानाहरु बताउन र लेख्न। | - आफु र परिवारका सदस्यहरुले दैनिक रुपमा गरेका कामहरु बताउन<br>- आफु र परिवारका सदस्यहरुले खाएका खानाहरु बताउन र लेख्न | - विहान उठेदेखि गरेका कामहरु बताउन लगाउने<br>- बाजे बज्यैदेखि आफले खाएका खानाहरुको नाम बताउन लगाउने<br>- विशेष समयमा खाने विभिन्न परिकारको बारेमा बताउन लगाउने। | - तपाई र तपाईका परिवारका सदस्यहरुले गर्न सक्ने कामहरु बताउनुहोस्।<br>- अहिले सम्म खाएका खानाको नाम भन्नुहोस्।<br>- परिवारका सदस्यहरुले खाएका खानाको नाम सोध र लेखेर ल्याउनुहोस्। | १० |
| ४ | - ध्यान, योग र प्रार्थनाको महत्व र प्रयोगबारे बताउन र लेख्न | - ध्यान, योग र प्रार्थनाको महत्व र प्रयोगबारे बताउन र लेख्न सक्नेछन्। | - ध्यान, योग र प्रार्थनाको अभ्यास गराउने, अनुभुत गर्न लगाउने र अनुशरण गर्न लगाउने।<br>- ध्यान, योग र प्रार्थनाको महत्व र प्रयोगबारे अनुभव सुनाउन र लेख्न लगाउने। | - ध्यान, योग र प्रार्थनाको महत्व र प्रयोगबारे बताउनुहोस् र लेख्नुहोस् । | ८ |
| ५ | - स्थानीय खेलकदको परिचय दिन र डण्डीबियो खेल्न | - स्थानीय खेलकदको परिचय दिन र डण्डीबियो खेल्न सक्नेछन्। | - पहिलादेखि अहिलेसम्मका स्थानीय खेलकदको परिचय दिने र डण्डीबियो खेल्न लगाउने।<br>- अरु खेलेका स्थानीय खेलहरुको नाम भन्न र खेल्ने तरिका बताउन लगाउने। | - स्थानीय खेलकदको परिचय दिनुहोस् ।<br>- डण्डीबियो खेल खेल्ने तरिका लेख्नुहोस् । | ८ |
| ६ | - उपचारका परम्परागत तथा स्थानीय बिधिहरु | - उपचारका परम्परागत तथा स्थानीय बिधिहरुबारे बताउन र लेख्न। | - काटेको घाउमा पहिला के गथ्यो होला भनेर सोध्ने र उपचारका परम्परागत तथा स्थानीय बिधिहरुबारे बताउन लगाउने र लेख्न लगाउने। | - उपचारका परम्परागत तथा स्थानीय बिधिहरुबारे बताउनुहोस् र लेख्नुहोस् । | ८ |
| ७ | -स्थानीय विश्वासहरु<br>तान्त्रिक बिधिहरु | - स्थानीय विश्वासहरु बताउन | - स्थानीय विश्वासहरु के के छन् बताउन लगाउने।<br>- तन्त्र, मन्त्र र साधनाका सकारात्मक पक्षहरु बताउन लगाउने र लेख्न लगाउने। | - स्थानीय विश्वासहरु बताउनुहोस्। | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८ | - स्थानीय उपचारक र जटिबुटीहरु<br>- आयुर्वेदको प्रचलन, प्रयोग र प्रभावकारिता | - स्थानीय उपचारक र जटिबुटीहरु पहिचान गरी बताउन<br>- आयुवेदको प्रचलन, प्रयोग र प्रभावकारिताबारे बताउन | - स्थानीय उपचारक (लामा, बोम्बो, लप्ताबा, आम्ची, सोरोग्पा, प्रार्थना आदि) र जटिबुटीहरु (तितेपाती, रनि सिन्का, बनमारा आदि ) बारे बताउन लगाउने<br>आयुवेदको प्रचलन, प्रयोग र प्रभावकारिताबारे छलफल गराउने<br>आयुर्वेदमा प्रयोग हुने जटिबुटीको नाम, ती संकलन, प्रयोग र सम्भावनाबारे छलफल गराउने । | - स्थानीय उपचारक र जटिबुटीहरुको नाम बताउनुहोस् । र यसको प्रयोग बताउनुहोस् । | ८ |
| ६. हाम्रो परम्परागत सिप, प्रविधि र व्यवसाय | १ | ● आफ्नो परिवारको सदस्यहरुका पेसा बताउने | ● आफ्नो परिवारको सदस्यहरुका पेसा बताउन सक्नेछन् । | ● सोधपुछ गरी सबैका परिवारका सदस्यहरुको पेसाबारे बताउने ।<br>● मन पर्ने पेसा के हो भनी सोध्ने र किन भनेर सोध्ने । | ● तपाईको बुबा आमा के काम गर्नुहन्छ ? | १० |
| | २ | ● आफ्नो परिवार र छिमेकीको सदस्यहरुका पेसा बताउने र लेख्ने | ● आफ्नो परिवार र छिमेकीको सदस्यहरुका पेसा बताउन र लेख्न सक्ने | ● सोधपुछ गरी सबैका परिवार र छिमेकका सदस्यहरुको पेसाबारे बताउन लगाउने ।<br>● ती पेसाहरु किन अवलम्बन गरेका होलान् ? छलफ गराउने । | ● तपाईको बुबा आमा के काम गर्नुहन्छ ?<br>● तपाईको छिमेकीहरु के के काम गर्दछन् ? | १० |
| | ३ | ● आफ्नो परिवार, छर छिमेक र समदायको सदस्यहरुका पेसा बताउने र लेख्ने | ● आफ्नो परिवार, छर छिमेक र समदायको सदस्यहरुका पेसा बताउने र लेख्ने | ● सोधपुछ गरी सबैका परिवार, छिमेक र समुदायका सदस्यहरुको पेसाबारे बताउन लगाउने ।<br>● ती पेसामा कहिलेदेखि लाग्दै आएका थिए ? त्यसभन्दा अघि उनका परिवारका मानिसहरु के के पेसामा लाग्थे छलफल गर्ने । | ● तपाईको बबा आमा के काम गर्नुहन्छ ?<br>● तपाईको छिमेकीहरु के के काम गर्दछन् ?<br>● तपाईको समदायमा के के काम गर्ने मानिसहरुको बसोबास रहेको छ ? | १० |
| | ४ | ● स्थानीय र अन्य जातका तरकारी को नाम बताउन तरकारीको वर्गीकरण गर्न (पात खाने, जरा वा गानो खाने, फल खाने, गेडा पिसेर खाने, फूल खाने) | ● स्थानीय र अन्य जातका तरकारीहरू तरकारीको वर्गीकरण गर्न (पात खाने, जरा वा गानो खाने, फल खाने, गेडा पिसेर खाने, फूल खाने) | ● विद्यार्थीहरूलाई स्थानीय किसानसँग अन्तरक्रिया गराउने<br>● त्यहाँ कुन-कुन जातका तरकारी पाइन्छन् भनी सोधेर टिपोट गराउने<br>● तरकारीको अवलोकन गराउने र वर्गीकरण गर्न लगाउने (पात खाने, जरा वा गानो खाने, फल खाने, गेडा पिसेर खाने, फूल खाने)<br>● तरकारीको नाम सम्बन्धी बिङ्गो खेल खेलाउने<br>● हाम्रो गाउँमा के के तरकारी फलाउन सकिन्छ होला ? छलफल गराउने । | ● स्थानीय र अन्य जातका तरकारी को नाम बताउनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५ | ● पशुपालन व्यवसाय र पशुपालनको महत्व | - आफ्नो समुदाय र वडा भित्र रहेका पशुपालन व्यवसायको अवलोकन गरी पालन गर्दा ध्यान दिनुपर्ने सामान्य पक्षहरू बताउन<br>· पशुपालनको कुनै ५ ओटा महत्व बताउन<br>· आफ्नो समुदाय र वडा भित्र रहेका पशुपालन व्यवसाय<br>· पशुपालनको व्यवसायको महत्व | · पालैपालो आफ्नो समुदाय र वडा भित्र पालिएका घरपालुवा जनावरहरू र तिनीहरूको नाम बताउन लगाउने र टिपोट गराई छलफल गराउने, चित्रहरू देखाई पहिचान गराउने<br>· पशुपालनबाट हुने फाइदा बारे चित्रात्मक छलफल गराउने र निचोड निकाल्ने ।<br>· वडा भित्र रहेका कुखुरा पालन, बंगुर पालन, माछा पालन, बाखा पालन, गाई पालन, मौरी पालन व्यवसायको अवलोकन गराई छलफल गराउने ।<br>- अहिले प्रचलित बाहेक अन्य कुन पशुपालन गर्न सकिएला ? | · आफ्नो समुदाय र वडा भित्र रहेका कुन कुन पशुपालन व्यवसाय देखेका छौ ?<br>· पशुपालन गर्दा ध्यान दिनुपर्ने सामान्य पक्षहरू के-के हुन् ?<br>· पशुपालन व्यवसायको कुनै ५ ओटा महत्व बताउनुहोस् । | १० |
| | ६ | आफ्नो घर र समुदायमा पालिएका पशुहरूको सूची बनाउन<br>· पशुपालनबाट हुने कुनै ४ ओटा फाइदा बताउन<br>- पशुमा लाग्ने रोगहरु बरे बताउन | · आफ्नो घर र समुदायमा पालिएका पशुहरू जस्तै : गाई, भैंसी, बाखा, भेडा<br>· पशुपालन व्यवसायबाट हुने फाइदा जस्तै : दुध, दही, घ्यु, मासु, उन, प्राप्त हुन्छ । मल, मुत्र प्राप्त हुन्छ । | · पालैपालो आफ्नो घर र समुदायमा पालिएका घर पालुवा जनावरहरू र तिनीहरूको नाम बताउन लगाउने र टिपोट गराई छलफल गराउने, चित्रहरू देखाइ पहिचान गराउने<br>· पशुपालनबाट हुने फाइदा बारे चित्रात्मक छलफल गराउने र निचोड निकाल्ने ।<br>- पशुपालन व्यवसायको अनुभव आदनप्रदान गराउने । | · समुदायमा रहेका कुखुरा पालन, बंगुर पालन , माछा पालन, बाखा पालन, गाई पालन, म ौरी पालन व्यवसायको अवलोकन गरेर जात टिपोट गरीबताउनुहोस्<br>· आफ्नो घर र समुदायमा पालिएका घरपालुवा जनावरहरू र तिनीहरूको नाम दिनुहोस् ।<br>· पशुपालनबाट हुने कुनै ३ ओटा फाइदा दिनुहोस् । | १० |
| | ७ | · कीरा फट्याङ्ग्राबाट तरकारी को नास हुन्छ भनी बताउन<br>· जैविक रोगजन्य कारण र अजैविक रोगजन्य कारण बिरुवामा रोग लाग्छ भनी बताउन | · रोग तथा कीरा को रोकथाम गर्ने उपाय<br>· कीरा फट्याङ्ग्राबाट तरकारीको हुने नाश<br>· तरकारीमा लाग्ने रोगहरू<br>· रोग तथा कीराको रोकथाम गर्ने उपाय | · विद्यार्थीहरूलाई हानिकारक कीरा फट्याङ्ग्राबाट तरकारीको नास हुन्छ भनी छलफल गराउने<br>फाइदाजनक किराफट्यांग्रा भन्न लगाउने र अवलोकन गराउने<br>बाली नोक्सान गर्ने हानीकारक किराफट्यांग्रा भन्न लगाउने र अवलोकन गराउने<br>· रोग तथा कीराको रोकथाम गर्ने उपायबारे प्रश्नोत्तर गराउने | · केबाट तरकारी को नास हुन्छ<br>· जैविक रोगजन्य कारण भनेको के हो?<br>· जैविक र अजैविक रोगजन्य कारण बिरुवामा रोग कसरी लाग्छ ?<br>· रोग तथा कीरा को रोकथाम गर्ने २ ओटा उपाय बताउनुहोस् । | १० |
| | ८ | · आफ्नो घर र छिमेक मा पालिएका घर पालुवा जनावरहरू र तिनीहरूको नाम बताउन ।<br>· पशुपालनबाट हुने कुनै ३ ओटा फाइदा बताउन ।<br>- पशुहरुमा लाग्ने रोगको रोकथामका उपायहरु | · आफ्नो घर र छिमेकमा पालिएका घर पालुवा जनावरहरू र तिनीहरूको नाम<br>· पशुपालनबाट हुने फाइदाहरू<br>- पशुमा लाग्ने रोगहरुको रोमथाम । | · पालैपालो आफ्नो घर र छिमेकमा पालिएका घर पालुवा जनावरहरू र तिनीहरूको नाम बताउन लगाउने र टिपोट गराई छलफल गराउने, चित्रहरू देखाइ पहिचान गराउने<br>· पशुपालनबाट हुने फाइदा बारे चित्रात्मक छलफल गराउने र निचोड निकाल्ने<br>· समुदायमा रहेका कुखुरा पालन, बंगुर पालन, माछा पालन, बाखा पालन, गाई पालन, मौरी पालन व्यवसायको अवलोकन गराई छलफल गराउने । | · आफ्नो घर र समुदायमा पालिएका घर पालुवा जनावरहरू र तिनीहरूको नाम दिनुहोस् ।<br>· पशुपालनबाट हुने कुनै ३ ओटा फाइदा दिनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. हाम्रो भाषा, भेषभषा र लिपिहरु | १ | स्थानीय तहमा बोलिने भाषाबाट आफ्नो परिचय दिन । | स्थानीय तहमा बोलिने भाषाबाट आफ्नो परिचय दिन सक्नेछन् । | आफ्नो घरमा बोल्ने भाषामा आफ्नो परिचय पालैपालो दिन लगाउने<br>स्थानीय तहमा प्रचलित अन्य भाषाबाट परिचय दिन साथीसँग एकआपसमा सिक्न लगाई बताउन लगाउने । | स्थानीय भाषामा आफ्नो परिचय पालैपालो दिनहोस् ?<br>साथीको भाषामा आफ्नो परिचय दिनुहोस् । | २० |
| | २ | स्थानीय तहमा बोलिने भाषाबाट आफ्नो र परिवारका सदस्यहरुको परिचय दिन । | स्थानीय तहमा बोलिने भाषाबाट आफ्नो र परिवारका सदस्यहरुको परिचय दिन । | घरमा बोलिने भाषाबाट आफ्नो र परिवारका सदस्यहरुको परिचय दिन लगाउने ।<br>साथीको घरमा बोलिने भाषाबाट आफ्नो र परिवारका सदस्यहरुको परिचय दिन लगाउने । | स्थानीय तहमा बोलिने भाषाबाट आफ्नो र परिवारका सदस्यहरुको परिचय दिनुहोस् ।<br>साथीको भाषामा आफ्नो र परिवारका सदस्यहरुको परिचय दिनुहोस् । | २० |
| | ३ | स्थानीय तहमा बोलिने भाषाबाट रहनसहनहरुको परिचय दिन । | स्थानीय तहमा बोलिने भाषाबाट रहनसहनहरुको परिचय दिन । | घरमा बोलिने भाषाबाट रहनसहनहरुको परिचय दिन लगाउने ।<br>साथीको घरमा बोलिने भाषाबाट रहनसहनहरुको परिचय दिन लगाउने । | स्थानीय तहमा बोलिने भाषाबाट रहनसहनहरुको परिचय दिनुहोस् । | २० |
| | ४ | विभिन्न भाषा र भेषभूषा, स्थानीय भाषाहरू र भेषभूषाहरू | विभिन्न भाषा र भेषभूषा, स्थानीय भाषाहरू र भेषभूषाहरूको पहिचान गर्न सक्नेछन् । | - तिमी कुन कुन पोसाक लगाउछौ, तपाईका घरका मानिसहरू कस्ता कस्ता कपडा लगाउछन् भनी प्रश्न गर्ने र प्राप्त उत्तर लाई सेतोपाटीमा टिप्दै जाने<br>• स्थानीय रुपमा बाजे बज्यैदेखि अहिलेसम्म प्रयोग गरिने विभिन्न प्रकारका भेषभूषाको नाम भन्न र लेख्न लगाउने । | - तिमी कुन पोषाक लगाउछौ ?<br>- तपाईका समुदायका मानिसहरू कुनकुन लगाउदछन् ?<br>- तिमीले लगाउने पोसाकहरू के- के हुन् ?<br>- तपाईका परिवार का मानिसहरूले कुन कुन प्रकार का पोसाकहरू लगाउने गर्दछन् ?<br>- स्थानीय रुपमा प्रयोग गरिने पोसाकहरू के- के छन् ? | २० |
| | ५ | स्थानीय भाषा र भेषभूषाको सूचि तयार गर्न | स्थानीय भाषा र भेषभूषाको सूचि तयार गर्न सक्नेछन् | - तिमी कुन भाषा बोल्छौ? भनी प्रश्न गर्ने, तपाईका वरपरका मानिसहरू कुन भाषा बोल्छन् भनी प्रश्न गर्ने,<br>- स्थानीय रुपमा बोलिने भाषाहरूको सूचि तयार पार्ने स्थानीय रुपमा प्रयोग गरिने विभिन्न प्रकारका भेषभूषाको सूचि तयार पार्न लगाउने<br>वहुभाषा शब्दकोष निर्माण गर्न लगाउने | - तिमी कुन भाषा बोल्छौ ?<br>- तपाईका समुदायका मानिसहरू कुनकुन भाषा बोल्छन्?<br>- स्थानीय रुपमा बोलिने भाषाहरू के-के छन्?<br>स्थानीय भाषाहरुको वहुभाषा शब्दकोष निर्माण गरेर ल्याउनुहोस् । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६ | स्थानीय भाषा र लिपि | स्थानीय भाषा र लिपिको सामान्य परिचय | वहुभाषा शब्दका शब्दहरुलाई बहुलिपीमा लिपियान्तर गर्न लगाउने । | वहुभाषा शब्दका शब्दहरुलाई बहुलिपीमा लिपियान्तर गरेर देखाउ । | २० |
| | ७ | - स्थानीय भाषा र लिपि | - स्थानीय भाषा र लिपिमा व्यञ्जनवर्ण लेख्न सक्नेछन् । | - वहुभाषाका वाक्यहरुलाई बहुलिपीमा लिपियान्तर गर्न लगाउने । | वहुभाषा शब्दका वाक्यहरुलाई बहुलिपीमा लिपियान्तर गरेर । | २० |
| | ८ | - स्थानीय भाषा र लिपि | - स्थानीय भाषा र लिपिको प्रयोग गरी अनुच्छेद लेख्न सक्नेछन् । | - वहुभाषामा व्यक्त मनका भावहरुलाई बहुलिपीमा लिपियान्तर गर्न लगाउने । | वहुभाषामा व्यक्त मनका भावहरुलाई बहुलिपीमा लिपियान्तर गरेर देखाउनुहोस् । | २० |
| ८. पोषण तथा सरसफाइ | १ | - खाना खानु अघि र पछि सफासँग हात मुख धुन | - खाना खानु अघि र पछि सफासँग हात मुख धुन सक्नेछन् । | - खाना खानु अघि र पछि सफासँग हात मुख किन धुनु पर्दछ ? सोध्ने ।<br>- हात धोएर खाना खाएमा के हुन्छ ?<br>- हात नधोएर खाना खाएमा के हुन्छ ?<br>- लगायतका प्रश्न गर्दै सरसफाइ रहन के गर्ने भनेर सोध्ने । | हामीले कहिले कहिले सफासँग हात मुख धुन पर्दछ ? | २० |
| | २ | - आफ्नो घर र विद्यालयको कक्षाकोठा सफा गर्न । | - आफ्नो घर र विद्यालयको कक्षाकोठा सफा गर्न सक्नेछन् । | - आफ्नो घर, आँगन, टोल र विद्यालयको कक्षाकोठा सफा किन गर्ने ? नगरे के हुन्छ ? सोध्दै घर, आँगन र विद्यालयको कक्षाकोठा सफा राख्ने उपायबारे छलफल गर्ने । | आज तपाइहरुलेफ्नो घर र विद्यालयको कक्षाकोठा सफा गर्नुहोस् । | २० |
| | ३ | - आफ्नो घर र विद्यालयको फोहोर व्यबस्थापन गर्न । | - आफ्नो घर र विद्यालयको फोहोर व्यबस्थापन गर्न सक्नेछन् । | - आफ्नो घर, आँगन, टोल र विद्यालयको कक्षाकोठाको फोहोर व्यबस्थापन किन गर्ने ? नगरे के हुन्छ ? सोध्दै घर, आँगन र विद्यालयको कक्षाकोठाको फोहो व्यबस्थापनको उपायबारे छलफल गर्ने । आफ्नो घर र विद्यालयको फोहोर व्यबस्थापन गर्न लगाउने । | हामीले आफ्नो घर आँगन र विद्यालयको फोहोरमैला कसरी व्यबस्थापन गर्न सक्छौं ? | २० |
| | ४ | - आफ्नो घर, टोल र विद्यालयको फोहोर व्यबस्थापन गर्न । | - आफ्नो घर, टोल र विद्यालयको फोहोर व्यबस्थापन गर्न सक्नेछन् । | - आफ्नो घर, आँगन, टोल, गाउँ र विद्यालयको कक्षाकोठाको फोहोर व्यबस्थापन कस्ले गर्दछन् ? किन गर्ने ? नगरे के हुन्छ ? सोध्दै घर, आँगन र विद्यालयको कक्षाकोठाको फोहो व्यबस्थापनको उपायबारे छलफल गर्ने । आफ्नो घर र विद्यालयको फोहोर व्यबस्थापन गर्न लगाउने ।<br>- घर, गाउँ र विद्यालय सफा राख्न विद्यार्थीले के के गर्नुपर्दछ ? छलफल गर्ने | - हामीले आफ्नो घर आँगन र विद्यालयको फोहोरमैला कसरी व्यबस्थापन गर्न सक्छौं ? | १० |
| | ५ | - सन्तुलित भोजनबारे बताउन | - सन्तुलित भोजनबारे बताउन र लेख्न सक्नेछन् । | - सन्तुलित भोजनबारे बताउन लगाउने चाडबाडमा के खान्छन् ? बिरामी हुँदा के खान्छन् ? बच्चादेखि बृद्धासम्मले के के खान्छन् ? ती खानेकुराहरु कहाँ पाइन्छन् ? लगायतका प्रश्नहरुमा छलफल गराउने । | - सन्तुलित भोजन निर्माण गर्न के के मिसाउनुपर्दछ ? सावारे बताउनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ६ | - सन्तुलित भोजनको लागि सर्वोत्तम पिठो बनाउन । | - सन्तुलित भोजनको लागि सर्वोत्तम पिठो बनाउन र बताउने तरिका लेख्न सक्नेछन् । | - स्थानीय चलन बमोजिम सुत्केरी र बिरामीलाई के खान दिन्छन् ? भन्ने प्रश्नमा छलफल गराउने ।<br>- सन्तुलित भोजनको लागि सर्वोत्तम पिठो कसरी बनाउदछन् छलफल गरेर लेख्न लगाउने । | - सन्तुलित भोजनको लागि सर्वोत्तम पिठो बनाउनुहोस् । | ५ |
| | ७ | - स्थानीय परिकार तयार पार्न | - स्थानीय परिकार (ढिडो, पानी रोटी आदि) तयार पार्न सक्नेछन् । | - अहिले सम्म खाएका स्थानीय परिकारहरुको नाम भन्न र लेख्न लगाउने र ती परिकार कसरी बनाउँदछन् भनी चर्चा गर्न लगाउने र तयार पार्ने तरिका प्रकृयागतरुपमा लेख्न लगाउने । | - स्थानीय परिकार तयार पार्नुहोस् । | ५ |
| | ८ | - स्थानीय परिकार तयार पार्न र प्रदर्शनीमा राख्न | - स्थानीय परिकार तयार पार्न र प्रदर्शनीमा राख्न सक्नेछन् । | - विद्यार्थीले जानेको स्थानीय परिकार तयार पार्न लगाइ र अभिभावक दिवसको कार्यक्रममा बिभिन्न प्रकारका परिकारहरु प्रदर्शनीमा राख्न लगाउने ।<br>- स्थानीय परिकारलाई अर्थोपार्जनसँग कसरी जोड्न सकिएला छलफल गरी प्रतिवेदन लेख्न लगाउने । | - स्थानीय परिकार तयार पार्नुहोस् र प्रदर्शनीमा राख्नुहोस् । | ५ |
| ९.विपद् र त्यसबाट बच्ने उपायहरु | १ | विपदको सामान्य परिचय | विपदको सामान्य परिचय दिन सक्नेछन् । | - खोला वा भल तर्दा कसरी तर्न सिकाइन्छ ? आकाश गड्याङगुडुङ गर्दा के गर्न भनिन्छ ? लगायतका प्रश्न सोधी विपद व्यबस्थापनका परम्परागत तरिकाहरु भन्न लगाउने । | - कुनै एक विपदको बारे बताउनुहोस् । | २० |
| | २ | विपदपछिको क्षतिबारे सामान्य परिचय | विपदपछिको क्षतिबारेमा सामान्य परिचय दिन सक्नेछन् । | - विपदपछिको क्षतिको सम्बन्धमा छलफल प्रश्नोत्तर गर्ने,<br>- विपदपछिको क्षति सम्बन्धि चित्र बनाउन लगाउने । | - कुनै एक विपदले पुऱ्याएको क्षतिबारे बताउनुहोस् । | २० |
| | ३ | विपदको कारण लेख्न | विपदको कारण लेख्न सक्नेछन् । जस्तै : आगलागी, कोभिड आदि | - विपदको प्राकृतिक र मानवीय कारणबारे लेख्न लगाउने ।<br>- विपदको बारेमा स्थानीय प्रचलन के छ भनी भन्न लगाउने ।<br>- विपदको कारण देखाउने चित्र बनाउन लगाउने ।<br>- विपदपछि के गर्न सकिन्छ त्यो दर्साउने चित्र बनाउन लगाउने । | - विपदको कारणहरु के के हुन् ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४ | • बाढी र पहिरोको परिचय दिन<br>• हातमुख धुने बानीको विकास गर्न | • स्थानीय प्राकृतिक प्रकोप (बाढी र पहिरो)<br>• स्वास्थ्य सम्बन्धी चेतना (हात मुख धुने) | • प्राकृतिक प्रकोपहरू बाढी र पहिरो कतिखेर किन जान्छन् ? भन्ने बारेमा कक्षामा छलफल गराउने<br>• सम्भव भएमा बाढी र पहिरो आएको ठाउँमा भ्रमण गराउने<br>• स्वस्थ्य रहन के के गर्ने भन्ने प्रश्नमा छलफल गराउने र लेख्न लगाउने । | • बाढी र पहिरोको अर्थ बताउनुहोस् । | ५ |
| | ५ | - घर तथा विद्यालय वरपर घटेका विपदहरु बताउन र लेख्न | - घर तथा विद्यालय वरपर घटेका विपदहरु ब्ताउन र लेख्न | - घर तथा विद्यालय वरपर घटेका विपदहरुबारे बताउने जस्तैः बाढी, पहिरो, आगलागी आदिबाट बच्न स्थानीय प्रयासहरु के के गर्दछन् ? भन्ने प्रश्नमा छलफल गराउने र देखेका विपदहरुबारे लेख्न लगाउने । | घर तथा विद्यालय वरपर घटेका विपदहरु लेख्नुहोस् । | ५ |
| | ६ | - विपदको परिचय दिन र त्यसबाट बच्ने उपाय बताउन र लेख्न | - विपदको परिचय दिन र त्यसबाट बच्ने उपाय बताउन र लेख्न सक्नेछन् । | - भोगेका, देखेका वा सुनेका विपदहरुबारे बताउन र लेख्न लगाउने<br>- विपदको परिचय दिन र त्यसबाट बच्ने उपाय बताउन लगाउने । | - विपदको परिचय दिनुहोस् र त्यसबाट बच्ने उपाय लेख्नुहोस् । | ५ |
| | ७ | - विपद, यसको कारण र बच्ने उपायहरुबारे लेख्न र वर्णण गर्न | - विपद, यसको कारण र बच्ने उपायहरुबारे लेख्न र वर्णण गर्न | - गाउँघरमा भएका विपद, विद्यार्थीहरुले भोगेका विपद आदिबारे छलफल गराउने,<br>- विपद यसको कारण र बच्ने उपायहरुबारे वर्णण गर्न र लेख्न लगाउने । | - विपद, यसको कारण र बच्ने उपायहरुबारे लेख्नुहोस् र वर्णण गर्नुहोस् । | ५ |
| | ८ | - विपद, यसको कारण, बच्ने उपाय र विपद आउन नदिन हामीले गर्न पर्ने कामहरुबारे लेख्न र वर्णण गर्न | - विपद, यसको कारण, बच्ने उपाय र विपद आउन नदिन हामीले गर्न पर्ने कामहरुबारे लेख्न र वर्णण गर्न | - विपद सम्बन्धि विपदपूर्व र विपदपश्चातको तुलनात्मक अवस्था झल्कने फोटो, बृत्तचित्र, पोष्टर, पम्पलेट, फ्लेक्स आदि खोज्न लगाउने ।<br>- विपद, यसको कारण, बच्ने उपाय र विपद आउन नदिन हामीले गर्न पर्ने कामहरुबारे भन्न लगाउने र सबैले भनेकामा छलफल गरी प्राथमिकताको आधारमा सूचि बनाएर विद्यालयको सूचनापाटी र समुदायमा समेत टाँस्न लगाउने । | - विपदका विभिन्न आयामबारे बताउन र लेख्न लगाउनुहोस् ।<br>- विपद, यसको कारण, बच्ने उपाय र विपद आउन नदिन हामीले गर्न पर्ने कामहरुबारे लेख्न र वर्णण गर्न लगाउनुहोस् । | ५ |
| १०.समाज र राजनीति | ६ | - खनियाबासमा रहेको सामाजको परिचय<br>- खनियाबासमा घटेका राजनीतिक घटनाहरु | - खनियाबासमा रहेको सामाजको परिचय दिन सक्नेछन् ।<br>- खनियाबासमा घटेका राजनीतिक घटनाक्रम बताउन सक्नेछन् । | - विद्यार्थीको परिवार कहाँबाट आएको हो ? भनी प्रश्न गरेर सबैको परिवार कहाँ कहाँ बाट आएका रहेछन् टिपोट गर्न लगाउने ।<br>- आफ्ना छरछिमेकमा कहाँबाट आएका रहेछन् ? सोधखोज गर्न लगाइ भन्न लगाउने<br>- खनियाबासमा रहेको सामाजको परिचय दिन लगाउने ।<br>- खनियाबासमा घटेका बिभिन्न घटनाक्रमलाई क्रमबद्ध व्याख्या गरिदिने । | - खनियाबासमा रहेको सामाजको परिचय दिनुहोस् ।<br>- खनियाबासमा घटेका बिभिन्न घटनाहरु भन्नुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७ | - सामाजिक र राजनीतिक वस्तुस्थिति | - सामाजिक र राजनीतिक वस्तुस्थितिबारे बताउन सक्नेछन् । | - हाम्रो समाज कस्तो खालको छ ? भन्ने प्रश्नमा आधारित भएर छलफल गराउने<br>- सामाजिक लगायतका वस्तुस्थितिबारे बताउन लगाउने । | - सामाजिक वस्तुस्थितिबारे बताउनुहोस् । | १० |
| | ८ | - सामाजिक तथा राजनीतिक योद्धाहरुको नाम र विशेष योगदान | - सामाजिक, शैक्षिक, विकासका योद्धाहरु<br>- दामन पाखिन, सेक्के, शहिद छेज्यु आदि बारे | - सामाजिक, शैक्षिक, योद्धाहरु - दामन पाखिन, सेक्के, शहिद छेज्यु आदि बारे घर कहाँ? के गरे? भनेर सोध खोज गर्न लगाउने र प्रतिवेदन लेख्न लगाउने । | - सामाजिक, शैक्षिक, विकासका लागि पहलकदमी उठाउने योद्धाहरुबारे बताउनुहोस् । | १० |
| ११.सडक र सुरक्षा | ४ | - सडक पारगर्दा पालना गर्नपर्ने नियमहरु बताउन | - सडक पारगर्दा पालना गर्नपर्ने नियमहरु बताउन | - बस्तुभाउसँग जम्काभेट हुँदा के गरिन्छ ? भन्न लगाउने<br>- सडक पार गर्दा के गरिन्छ ? गाडी भेटिए के गरिन्छ ? असाबधानी अपनाए के हुन्छ ? भन्ने प्रश्नको आधारमा छलफल गराउने | - सडक पारगर्दा पालना गर्नपर्ने नियमहरु बताउनुहोस् । | १० |
| | ५ | - सडक प्रयोग गर्दा अपनाउन पर्ने सावधानीहरुको पहिचान गरी सोही बमोजिमको व्यबहार । | - सडक प्रयोग गर्दा अपनाउन पर्ने सावधानीहरुको पहिचान गरी सोही बमोजिमको व्यबहार गर्न सक्नेछन् । | - बाटो कति प्रकारका हुन्छन् ? भन्ने प्रश्न गर्दै बखेटो, गोरेटो, घोरेटो, सडकलाई आफ्नो भाषामा के भनिन्छ भनी छलफल गर्ने<br>- सडकमा रहने संकेतहरु कस्ता हुन्छन् ? भनेर सोधी चित्र बनाउन लगाउने ।<br>- सडक प्रयोग गर्दा अपनाउन पर्ने सावधानीहरुको के के हुन् ? भन भन्दै सडकमा हिड्दा सुरक्षित भएर व्यबहार गर्न प्रेरित गर्ने। | - सडक प्रयोग गर्दा अपनाउन पर्ने सावधानीहरुको पहिचान गरी सोही बमोजिमको व्यबहार गर्नुहोस् । | १० |
| | ६ | - सडक व्यबस्थापनको महत्व | - सडक व्यबस्थापनको महत्वबारे बताउन | - बाटो, घाटो र सडक व्यबस्थापनको परम्परगत तरिकाहरु भन्न लगाउने<br>- बाटो घाटो र सडक व्यबस्थापनका महत्वबारे बताउन र लेख्न लगाउने । | - सडक व्यबस्थापनको महत्वबारे बताउनुहोस् । | ५ |
| | ७ | - सडकको सुरक्षा सम्बन्धी बताउन | - सडकको सुरक्षा सम्बन्धी बताउन सक्नेछन् । | बाटो, घाटो र सडकको सुरक्षा सम्बन्धी चर्चा गर्न लगाउने,<br>बाटो, घाटो र सडकको सुरक्षा सम्बन्धी चचा बताउने | - सडकको सरक्षा सम्बन्धी बताउनुहोस् । | ५ |
| | ८ | - ट्राफिक लाइट र जेब्रा क्रसिङको अर्थ बताउन र सो अनुसार प्रयोग गर्न, | - ट्राफिक नियम (ट्राफिक लाइट र जेब्रा क्रसिङ) | - सडकका समस्याहरु के-के छन् ? त्यसको समाधानर्थ हामीले के गर्न सक्छौं ? भन्ने प्रश्न गरेर छलफल गराउने ।<br>- ट्राफिक लाइट र जेब्रा क्रसिङको अवलोकन गराउने, अर्थ बताउने र सो अनुसार प्रयोग गर्न सिकाउने, | • ट्राफिक लाइटमा कुन बत्तीको काम के हुन्छ ?<br>• जेब्रा क्रसिङ किन प्रयोग गर्नुपर्छ ? | ५ |
| १२.सामाजिक समस्या र समाधानका उपायहरु | ४ | - सामाजिक समस्याको परिचय दिन | - सामाजिक समस्याहरुको परिचय उदाहरणसहित बताउन र लेख्न सक्नेछन् । | - सामाजिक समस्या देखिने चित्र बनाउन लगाउने र पालैपालो प्रदर्शन गर्न लगाउने<br>- घर परिवार र छिमेकमा घटेका सामाजिक समस्याहरुबारे बताउन लगाउदै निचोड दिने<br>- आफैले भोगेका सामाजिक समस्याबारे बोल्न लगाउने । | - हाम्रो गाउँघरमा देखिने ५ वटा सामाजिक समस्याहरु लेख्नुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५ | - सामाजिक समस्याको वर्णण गर्न | - सामाजिक समस्याको वर्णण गर्न सक्नेछन् । | - सामाजिक समस्याको बारेमा बताउन लगाइ छलफल गर्ने ।<br>- सामाजिक समस्या समाधान गर्ने परम्परागत तरिकाहरु के के छन् ? जस्तै मित लगाइदिने, पोङ राखेर माफी माग्ने आदिको बारेमा, छलफल गर्ने । | - सामाजिक समस्याको वर्णन गर्नुहोस् । | १० |
| | ६ | - सामाजिक समस्याको सचेतना गर्न | - सामाजिक समस्याको सचेतना गिर्न सक्नेछन् ।<br>जस्तैः जाड रक्सी लगायत | - सामाजिक समस्याको सचेतना फैलाउनेबारेमा छलफल गर्ने,<br>- विद्यालयीय सामाजिक समस्या के के छन् ? भन्न र लेख्न लगाउने | - सामाजिक समस्याको सचेतना कसरी गर्न सकिन्छ ? | १० |
| | ७ | सामाजिक समस्याको पहिचान गर्न | - सामाजिक समस्याको पहिचान गर्न सक्नेछन् । | - सामाजिक समस्याहरु भन्न लगाइ सेतो पाटीमा टिप्दै जाने र सूचि तयार पार्न लगाउने<br>- ती समस्या समाधानका लागि भइरहेका प्रयास र अफ्र थप के उपाय अबलम्बन गर्न सकिन्छ ? भनी छलफल गर्ने र निचोड दिने । | - सामाजिक समस्याको वर्णन गर्नुहोस् । | १० |
| | ८ | - सामाजिक समस्याको न्युनिकरण गर्न<br>जस्तै : बालविवाह, बहुविवाह आदि | - सामाजिक समस्याको न्युनिकरण गर्ने उपायहरु बताउन र लेख्न सक्नेछन् । | - सामाजिक समस्याको न्युनिकरण गर्न भइरहेका प्रयास र अफ्र थप के उपाय अबलम्बन गर्न सकिन्छ ? भनी छलफल गर्ने र निचोडलाई प्रतिवेदनको रुपमा लेख्न लगाउने । | - सामाजिक समस्याको समाधानका लागि भइरहेका ५ प्रयासहरु बताउनहोस् । | १० |
| १३.जनसंख्या र शैक्षिक अवस्था | ४ | खनियाबासको जनसंख्या र शैक्षिक अवस्थासँग परिचित | खनियाबासको जनसंख्या र शैक्षिक अवस्था बताउन सक्नेछन् । | घरमा कति जना छन् ? टोलमा कति होलान् ? वडामा कति छन् ? भन्दै खनियाबासको जनसंख्या सोध खोज गर्न लगाउने<br>परिवारका सदस्यहरु कसले कति पढें ? भनेर छलफल गराउने<br>टोलमा धेरै पढेको व्यक्ति सोधखोज गरेरभन्न लगाउने ।<br>गाउँपालिकामा कतिवटा विद्यालयहरु छन् ? सोध खोज गर्न लगाउने । | खनियाबासको जनसंख्या र शैक्षिक अवस्थाको परिचय बताउनहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५ | - खनियाबासको जनसंख्या र शैक्षिक अवस्थाको व्याख्या गर्न | - खनियाबासको जनसंख्या र शैक्षिक अवस्थाको व्याख्या गर्न सक्नेछन् ।<br>- शिक्षाका विशेषता, फाइदा र बेफाइदाहरु समेत । | - घरमा कति जना छन् ? टोलमा कति होलान् ? वडामा कति छन् ? भन्दै खनियाबासको जनसंख्या सोध खोज गर्न लगाउने र व्याख्या गर्न लगाउने<br>- परिवारका सदस्यहरु कसले कति पढें ? भनेर छलफल गराउने र किन त्यति पढेको भनेर भन्न लगाउने<br>- टोलमा धेरै पढेको व्यक्ति सोधखोज गरेर व्याख्या गर्न लगाउने ।<br>- गाउँपालिकामा कतिवटा विद्यालयहरु छन् ? ती विद्यालयहरुमा कतिसम्म पढाइ चल्दछ ? सोध खोज गर्न लगाउने र व्याख्या गर्न लगाउने । | - खनियाबासको जनसंख्या र शैक्षिक अवस्थाको व्याख्या गर्नहोस् । | १० |
| | ६ | - खनियाबासको जनसंख्या र शैक्षिक अवस्थाको व्याख्या र तुलनात्मक विश्लेषण गर्न | - खनियाबासको जनसंख्या र शैक्षिक अवस्थाको व्याख्या र तुलनात्मक विश्लेषण गर्न सक्नेछन् । | - घरमा कति जना छन् ? टोलमा कति होलान् ? वडामा कति छन् ? भन्दै खनियाबासको जनसंख्या सोध खोज गर्न, व्याख्या गर्न र विश्लेषण गर्न लगाउने<br>- परिवारका सदस्यहरु कसले कति पढें ? किन पढें ? कसरी पढें ? कहाँ गएर पढें ? भनेर छलफल गराउने र विगतदेखि हालसम्मको शैक्षिक अवस्था विश्लेषण गर्न लगाउने ।<br>- गाउँपालिकामा कतिवटा विद्यालयहरु छन् ? ती विद्यालयहरु कहिले स्थापना भए ? सोध खोज गरी विश्लेषण गर्न लगाउने । | - खनियाबासको जनसंख्या र शैक्षिक अवस्थासँग व्याख्या र तुलनात्मक विश्लेषण गर्नुहोस् । | १० |
| | ७ | - खनियाबासको शैक्षिक इतिहासको परिचय, | - खनियाबासको शैक्षिक इतिहासको परिचय दिन सक्नेछन् । | - आफ्नो विद्यालयको स्थापना मिति र संस्थापकको नाम सोध खोज गर्न लगाउने, भन्न र लेख्न लगाउने ।<br>- खनियाबासको शैक्षिक इतिहासमा कसले के योगदान गरे भन्नेबारे बताउन लगाउने । | - खनियाबासको शैक्षिक इतिहास बताउनुहोस् । | १० |
| | ८ | - खनियाबासको शैक्षिक इतिहासको परिचय, व्याख्या र तुलनात्मक विश्लेषण गर्न | - खनियाबासको शैक्षिक इतिहासको परिचय, व्याख्या र तुलनात्मक विश्लेषण गर्न | - परम्परागत शिक्षा आर्जन गर्ने स्थानहरु र तरिकाहरुबारे चर्चा गर्ने, बताउने र लेख्ने ।<br>- खनियाबासको शैक्षिक इतिहासको परिचय, व्याख्या र तुलनात्मक विश्लेषण गर्न लगाउने | - खनियाबासको शैक्षिक इतिहासको परिचय, व्याख्या र तुलनात्मक विश्लेषण गर्नहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. हाम्रो ऐन, नियम, कानुन र कार्यविधिहरु | ६ | - शिक्षासँग सम्बन्धित स्थानीय राजपत्र, निर्देशिका र कार्यविधिबारे बताउन | - शिक्षासँग सम्बन्धित स्थानीय राजपत्र, निर्देशिका र कार्यविधिबारे बताउन सक्नेछन् । | - परम्परागत लिखतहरु कस्ता थिए ? भनी सोधेर छलफल गराउने<br>- विभिन्न समयमा प्रकाशित शिक्षासँग सम्बन्धित स्थानीय राजपत्रबारे बताउने । | - खनियाबास गाउँपालिकामा शिक्षासँग सम्बन्धित कस्ता राजपत्रहरु प्रकाशित भएका छन् ? | १० |
| | ७ | - स्थानीय राजपत्रबारे बताउन | - स्थानीय राजपत्रबारे बताउन सक्नेछन् । | - परम्परागत लिखतहरुको मान्यता के हुन्थ्यो ? चर्चा गर्ने, लेख्ने र छलफल गर्ने<br>- विभिन्न समयमा प्रकाशित स्थानीय राजपत्रबारे छलफल गर्ने । | - खनियाबास गाउँपालिकामा कस्ता कस्ता राजपत्रहरु प्रकाशित भएका छन् ? | १० |
| | ८ | - खनियाबासका स्थानीय राजपत्रबारे विश्लेषणात्मक टिप्पणी लेख्न । | - खनियाबासका स्थानीय राजपत्रबारे विश्लेषणात्मक टिप्पणी लेख्न सक्नेछन् । | - खनियाबासका स्थानीय राजपत्र कति छन् ? कुन कुन विधाका छन् ? भन्नेबारे समूहगत रुपमा विश्लेषणात्मक टिप्पणी लेख्न लगाउने । | - खनियाबासका स्थानीय राजपत्रबारे विश्लेषणात्मक टिप्पणी लेख्नहोस् । | १० |
| १५. विद्युत, सञ्चार र सूचना प्रविधि | ६ | - खनियाबासमा विद्युतको वितरण अवस्था | - खनियाबासमा विद्युतको वितरण अवस्थाबारे बताउन सक्नेछन् ।<br>- विद्युत कार्यलयबाट भएको सहयोग र शुल्कबारे जानकारी दिन सक्नेछन् । | - परम्परागत उज्यालोका स्रोतहरु के के छन् ? पहिला के के प्रयोग गर्दथ्यो ? भन्ने बारेमा छलफल गर्ने र लेख्न लगाउने<br>- खनियाबासमा विद्युतको वितरण अवस्थाबारे सोधखोज गरी कक्षामा बताउन लगाउने । | - खनियाबासमा विद्यतको वितरण अवस्थाबारे बताउनहोस् । | १० |
| | ७ | - खनियाबासमा सूचना प्रविधिको अवस्था | - खनियाबासमा सूचना प्रविधिको अवस्थाबारे बताउन सक्नेछन् ।<br>- इमेल, इन्टरनेट र सामाजिक सञ्जालबारे जानकारी दिन सक्नेछन् । | - परम्परागत सूचनाका स्रोतहरु के के छन् ? पहिला के के प्रयोग गर्दथ्यो ? भन्ने बारेमा छलफल गर्ने र लेख्न लगाउने<br>- खनियाबासमा सूचना प्रविधिको अवस्थाबारे बताउन लगाउने । | - खनियाबासमा सूचना प्रविधिको अवस्थाबारे बताउनुहोस् । | १० |
| | ८ | - खनियाबासमा सञ्चारको अवस्था | - खनियाबासमा सञ्चारको अवस्था बताउन सक्नेछन् ।<br>- रेडियो, टेलिभिजनको पहुँच र शुल्कबारे जानकारी दिन सक्नेछन् । | - परम्परागत सञ्चारका स्रोतहरु के के छन् ? पहिला के के प्रयोग गर्दथ्यो ? भन्ने बारेमा छलफल गर्ने र लेख्न लगाउने<br>- खनियाबासमा सञ्चारको अवस्था बताउने | - खनियाबासमा सञ्चारको अवस्था बताउनुहोस् । | १० |
| १६. वातावरण विनास र संरक्षण | ४ | - वातावरण संरक्षणको परिचय दिन र लेख्न | - वातावरण संरक्षणको परिचय दिन र लेख्न सक्नेछन् । | - आफ्नो वरपर रहेका हावा, पानी, बोट विरुवा, अवलोकन गराउने, छलफल गराउने, ।<br>- गाउँको सिरानमा न्यातास्हिप्ता किन राखेका होलान् ? भन्ने प्रश्नको आधारमा छलफल गराउने ।<br>- आफ्नै बारीको माटो तथा बोटबिरुवा जोगाउने उपायहरु छलफल गराउने र लेख्न लगाउने । | - विद्यालय वरीपरीको वातावरण कस्तो छ ?<br>- तपाईको घर वरपरको वातावरण कस्तो छ ? | १० |
| | ५ | - वातावरणको फाइदा, बेफाइदा, महत्व बताउन र लेख्न । | - वातावरणको फाइदा, बेफाइदा, महत्व बताउन र लेख्न सक्नेछन् । | - आफ्नो वरपर रहेका वातावरणीय तत्वहरु, हावा, पानी, बोट विरुवा, अवलोकन गराउने र त्यसको महत्वबारे छलफल गराउने,र लेख्न लगाउने । | - आफ्नो वरपर रहेको वातावरणीय तत्वहरुको नाम बताउनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ६ | - वातावरण विनास र संरक्षणका उपायहरु बताउन र लेख्न | - वातावरण विनास र संरक्षणका उपायहरुबारे बताउन र लेख्न सक्नेछन् । | - वातावरण विनास र संरक्षणका उपायहरुबारे छलफल गराउने, बताउन लगाउने र लेख्न लगाउने ।<br>- वतावरण संरक्षणका परम्परागत तरिकाहरुको बारेमा छलफल गर्ने, बताउने र लेख्न लगाउने । | - वातावरण विनास र संरक्षणका उपायहरुबारे बताउनुहोस् ।<br>- वातावरण विनास र संरक्षणका उपायहरुबारे लेख्नुहोस् | ५ |
| | ७ | - वातावरण विनाशबाट उब्जिने समस्याहरु | - वातावरण विनाश, दुषित पानी बाट उब्जिने समस्याहरु बताउन सक्नेछन् | - माटो, पानी, जंगल र वातावरण विनाशबाट उब्जिने समस्याहरुको बारेमा छलफल गराउने । | - वातावरण विनाशबाट उब्जिने समस्याहरु बताउनुहोस् र लेख्नुहोस् । | ५ |
| | ८ | - वातावरण विनाश र मानव जातिसँगको सम्बन्ध | -वातावरण विनाश र मानव जातिसँगको सम्बन्धबारे बताउन सक्नेछन् ।<br>-रुख काट्ने, डढेंलो, नांगा डाडा पाखामा बृक्षारोपण गर्नेछन् । | - वातावरण विनाश र मानव जातिसँगको सम्बन्धबारे छलफल गर्ने, बताउने र लेख्न लगाउने ।। | - वातावरण विनाश र मानव जातिसँगको सम्बन्धबारे बताउनुहोस् । | ५ |

## विषय क्षेत्र/थिम अनुसार अनुमानित कार्य घण्टाको समष्टिगत तालिका

| थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| थिम १: खनियाबास गाउँपालिकाको परिचय | २० | २० | २० | १० | १० | ५ | ५ | ५ |
| थिम २: हाम्रो सम्पदा | २० | २० | २० | १० | १० | ५ | ५ | ५ |
| थिम ३: हाम्रो संस्कार संस्कृति र रितिरिवाज | २० | २० | २० | १० | १० | ५ | ५ | ५ |
| थिम ४: हाम्रो पर्यटन | २० | २० | २० | ५ | ५ | ५ | ५ | ५ |
| थिम ५: हाम्रो दैनिकी र जीवनशैली | १० | १० | १० | ८ | ८ | ८ | ८ | ८ |
| थिम ६: हाम्रो परम्परागत सिप, प्रविधि र व्यबसाय | १० | १० | १० | १० | १० | १० | १० | १० |
| थिम ७: हाम्रो भाषा, भेषभषा र लिपिहरु | २० | २० | २० | २० | २० | २० | २० | २० |
| थिम ८: पोषण तथा सरसफाइ | २० | २० | २० | १० | १० | ५ | ५ | ५ |
| थिम ९: विपद् र त्यसबाट बच्ने उपायहरु | २० | २० | २० | ५ | ५ | ५ | ५ | ५ |
| थिम १०: समाज र राजनीति | ० | ० | ० | ० | ० | १० | १० | १० |
| थिम ११: सडक र सुरक्षा | ० | ० | ० | १० | १० | ५ | ५ | ५ |
| थिम १२: सामाजिक समस्या  र समाधानका उपायहरु | ० | ० | ० | १० | १० | १० | १० | १० |
| थिम १३: जनसंख्या र शैक्षिक अवस्था | ० | ० | ० | १० | १० | १० | १० | १० |
| थिम १४: हाम्रो ऐन, नियम र कानुनहरु | ० | ० | ० | ० | ० | १० | १० | १० |
| थिम १५: विद्युत सञ्चार र सुचना प्रविधि | ० | ० | ० | ० | ० | १० | १० | १० |
| थिम १६: वातावरण विनास र संरक्षण | ० | ० | ० | १० | १० | ५ | ५ | ५ |
| जम्मा | १६० | १६० | १६० | १२८ | १२८ | १२८ | १२८ | १२८ |

## परीक्षण र कार्यन्वयन समय तालिका

| साल | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| २०७९ | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण | परीक्षण | |
| २०८० | कार्यन्वयन | कार्यन्वयन | कार्यन्वयन | कार्यन्वयन | कार्यन्वयन | कार्यन्वयन | कार्यन्वयन | परीक्षण |
| २०८१ | | | | | | | | कार्यन्वयन |

## ९. स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण सिकाइ योजना निर्माण

आधारभूत तह अन्तर्गत कक्षा १- ८ को मातृभाषा तथा स्थानीय विषयका पाठ्यक्रम सम्बन्धित स्थानीय तहमार्फत नै विकास र कार्यान्वयन हुने व्यवस्था आधारभूत पाठ्यक्रम २०७६ ले निर्धारण गरेको छ। यस स्थानीय पाठ्यक्रमको विषयक्षेत्रमा समावेश भएका विषयहरूलाई स्थानीय विषयवस्तुसंग एकीकृत गराई विषयक्षेत्रको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने सुनिश्चित गरी सिकाइ क्रियाकलाप छनोट र सञ्चालन गर्नुपर्दछ। सिकाइको योजना निर्माण गर्दा शिक्षकले निम्नलिखित पक्षहरूलाई समेत ध्यान दिनुपर्छ।

१. सिकाइको योजना निर्माणका लागि विषयगत सक्षमताहरू र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ।

२. एउटै विषयवस्तुबाट सकेसम्म एकभन्दा बढी क्षेत्र अन्तरसम्बन्धित हुने गरी सिकाइको योजना निर्माण गर्नुपर्छ।

३. सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी विषयक्षेत्रगत अवधारणा तथा सीपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ।

४. छनोट गरिएका विधि, प्रक्रिया तथा क्रियाकलापहरूले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ।

५. सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सीपहरू स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता अन्तरवैयक्तिक सीपहरू सञ्चार, सहकार्य, सहानुभूति जस्ता वैयक्तिक सीपहरू विभिन्न किसिमका बहुसाक्षरता सीपहरू र नागरिक दायित्व सम्बन्धी विभिन्न किसिमका नागरिक सीप प्राप्तिलाई सहयोग गर्नुपर्छ।

६. विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्छ।

७. विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्दछ। न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लोस्तरको सिकाइ गर्न सक्ने बनाउन सहयोग गर्नुपर्छ।

८. सम्भव भएसम्म कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ। एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि टिममा छलफल गरी शिक्षण योजना तयार गर्नुपर्छ।

९. कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ। यसका लागि कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुनसक्ने प्रबन्ध गर्नुपर्छ।

## १०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया :

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु बिच सक्रिय अन्तर्क्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो। यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बाल मनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुशरण गरिने भएकाले यो एक विज्ञान तथा सिद्धान्त पनि हो। सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ। यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ। सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ। यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकता अनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ। एउटै प्रकार को सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ। त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ। सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्वज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूप लगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ । शिक्षा अन्तर्गत कक्षा १-५ को यस स्थानीय पाठ्यक्रम समग्रमा स्थानीय विषयक्षेत्रमा आधारित एकीकृत स्वरूपको भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धति भन्दा फरक हुनुपर्छ। फेरि यस स्थानीय पाठ्यक्रममा खनियाबास गाउँपालिकाको परिचय, तरकारी तथा फलफूल खेती, पशुपालन व्यवसाय, खनियाबास गाउँपालिकाको कला, संस्कृति र रीतिरिवाज, पुरातात्विक सम्पदाको परिचय र नागरिक चेतना (ट्राफिक नियम, परम्परागत स्थानीय प्रविधि र आधुनिक प्रविधि) जस्ता थिमहरू एकीकृत गरिएको हुनाले पनि प्रचलित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा सुधार आवश्यक छ। विभिन्न विषयगत थिमहरूको माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि फरक फरक थिमहरू बिचको अन्तरसम्बन्ध पहिचान गरी सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमतको विकास गर्ने र आफ्ना सिकाइ अनुभवको उपयोग गरी सङ्गठित ज्ञान हासिल गर्न सहयोग हुने खालका सिकाइ क्रियाकलापमा जोड दिनुपर्छ । यसमा लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनुपर्दछ। विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ। सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सीपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ। सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले विभिन्न क्षेत्रका सिकाइ सक्षमतालाई सरलबाट जटिलतिरको क्रममा सिकारुले स्वगतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ। विशिष्टीकृत विषयक्षेत्रहरूलाई

पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ। प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहार कुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

## १०.१ सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन

कक्षा १-८ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्दा उपयुक्त हुन्छ :

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्ने छ। विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ। खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शन मार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्ने छ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्ने छ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ।
- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ। विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नुपर्ने छ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ।
- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ।

- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ ।
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादाँतम्य कायम गर्नुपर्ने छ ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।
- शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परि वर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ ।
- सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सीप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तर सम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्ने छ ।
- स्थानीय पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ । सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गति बमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ । विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारुअनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेशअनुसार भिन्न भिन्न ढंगले व्यवस्थापन गर्न सकिन्छ । सिकाइ प्रक्रियामा एकातिर आधुनिक शैक्षणिक प्रविधिको प्रयोग अत्यावश्यक हुन्छ भने अर्कातर्फ विद्यार्थी अनुकूलको शिक्षण प्रक्रिया सञ्चालन गर्न स्थानीय परिवेश अनुकूलका विधि तथा प्रविधिको प्रयोग पनि आवश्यक हुन्छ । त्यस्तै स्थानीय वातावरण, विद्यार्थीको रुचि, क्षमता, स्तर र आवश्यकताले पनि सिकाइ सहजीकरण प्रक्रियालाई प्रभाव पार्ने गर्दछ । शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यावहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ

## १०.२ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष

- यस स्थानीय पाठ्यक्रम कक्षाकोठामा सहजीकरण गर्दा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :
- सक्षमता तथा सिकाइ उपलब्धिहरू : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरू अनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।
- विषयवस्तुको स्वरूप : विषयवस्तुको स्वरूप अनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।
- बालमनोविज्ञान : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।
- स्रोत साधनहरूको उपलब्धता : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।
- विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।
- समय र विद्यार्थी सङ्ख्या : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।
- शिक्षकको योग्यता, क्षमता र रुचि : शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ । यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## १०.३ सम्भाव्य केही शिक्षण सिकाइ विधिहरु

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-८ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र यस्तै अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्दछन् ।

१. कथाकथन एवम् गीत : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२. आगमन विधि : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३. भूमिका निर्वाह/अभिनय विधि : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. निर्माणात्मक विधि : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकता अनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

५. सहयोगात्मक विधि : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. परियोजना कार्य : विद्यार्थीको उमेर र स्तर अनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. छलफल र प्रश्नोत्तर विधि : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया (APPLE Method) प्रयोग गर्न सकिन्छ ।

९. अन्वेषण, अनुसन्धान तथा खोज विधि : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ । प्रविधियुक्त कक्षा : मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. सिर्जनात्मक कार्य : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरू द्वारा सिकाइ गर्न सकिन्छ ।

११. समस्या समाधान विधि : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. खेल विधि : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराईन्छ ।

१३. प्रयोगात्मक विधि : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराईन्छ ।

१४. भ्रमण : विभिन्न स्थानको भ्रमण गराई त्यहाँको अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराईन्छ ।

१५. प्रदर्शन विधि : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

१६. स्वाध्ययन तथा छलफल : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।

१७. अन्तरक्रिया : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. उदाहरण र प्रयोग : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ। यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सीप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक सीप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

२०. सहभागितात्मक बिधि (PRA Method) : गाउँको चित्रहरु बनाउँदा बिभिन्न स्थानहरु कहाँ पर्दछन् ? कति टाढा छन् ? त्यही अनुसारको चित्र बनाउने बिधिलाई पिआरए विधि भनिन्छ। यसले वास्तविकता जानकारी दिनुको साथै के थप गर्नु पर्ने भन्ने सिर्जनात्मक सोंचको विकास गराउदछ ।

## ११. विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १–३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन नगरी विद्यार्थीको सिकाइको मूल्याङ्कन उनीहरूको दैनिक शिक्षणसिकाइ क्रियाकलापसंग आवद्ध गरेर गर्ने कुरालाई पाठ्यक्रमले अंगिकार गरेको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ। कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ । त्यस्तै कक्षा ४-८ को हकमा पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ। ५० प्रतिशत अङ्कभार बराबरको विद्यार्थीको आन्तरिक मूल्याङ्कन गरेर बाँकी ५० प्रतिशत अन्तिम परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने आधारभूत तहको पाठ्यक्रम-२०७६ ले तोकेको मूल्याङ्कन विधिलाई यस स्थानीय पाठ्यक्रमले पनि अंगिकार गरेको छ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा बिद्यार्थीलाई कक्षोन्नति गरिने छ। लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४०% हुनेछ र छुट्टै उत्तीर्ण हुनुपर्नेछ । कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ। आधारभूत तहको कक्षा १–८ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक

हुने भए पनि आवश्यकता अनुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

### ११.१ सिकाइका लागि मूल्याङ्कन

आधारभूत तहको कक्षा १–८ को स्थानीय तहको पाठ्यक्रम अनुसार विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू समावेश गरिएको छ । त्यसै गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ । कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनि गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीकोस्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनु पर्दछ । निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ । कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ् कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ । पहिलो चर णमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने

सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुनेछ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो। सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ ।

## ११.२ मूल्याङ्कन विधि र प्रक्रिया (कक्षा १–३)

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ् कन सिकाइ क्रियाकलाप कै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ । कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन। विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ। कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नानुसार हुनेछ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।
२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोही अनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।
३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जना लगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सीपमा प्राप्तिमा विद्यार्थीको हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रिया अनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धि अनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्व-मूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

## ११.३ मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी संख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धि अनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरक फरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूको अर्को महत्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयागे गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकता अनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । केकस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्नेकुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ ।

यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ । शिक्षकले आवश्यकता अनुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ। विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनु पर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

**कक्षा १–८ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन् :**

तालिका : विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मूल्याङ्कनका साधन

| क.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कै |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजूसूची, रुब्रिक्स र श्रेणीमापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्व मूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धि स्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

तालिका : विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | मापन उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएका |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको तथा माथिल्लोस्तरको उपलब्धि हासिल गरेको |

## ११.४ विषयक्षेत्रगत रुपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरु : (कक्षा १-३)

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तर अनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ। विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ। यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ। यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गर्नुपर्छ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ र २ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धिस्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ। शिक्षण सिकाइका क्रममा उपलब्धिस्तर ४ पुऱ्याउनु अपेक्षित छ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत उपलब्धिस्तरको अङ्कको जोड ४ × मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| उपलब्धि प्रतिशत | अक्षरमा | स्तरीकृत अंक | उपलब्धिस्तर उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|
| ३५ भन्दा कम | एनजी | | अवर्गीकृत |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | डी | १.६ | आधारभत |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | सी | २.० | ग्राह्य |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | सी प्लस | २.४ | सन्तोषजनक |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | बी | २.८ | उत्तम |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | बी प्लस | ३.२ | उत्कृष्ट |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | ए | ३.६ | अत्यत्तम |
| ९० वा सोभन्दा माथि | ए प्लस | ४.० | सर्वोत्तम |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना × १०० बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ। निश्चित सिकाइक्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ। यही क्रममा सबै विषयक्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर सहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ। त्यसै गरी मुख्य व्यवहार कुशल सीपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ। यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ।

## ११.५ मूल्याङ्कन विधि र प्रक्रिया (कक्षा ४-८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो। सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ। निर्माणात्मक मूल्याङ्कन विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइस्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ। यसका लागि रुजुसूची श्रेणी मापन लगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ

उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ। पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निमार्ण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ।

## ११.६ निर्माणात्मक मूल्याङ्कनका साधनहरु र प्रयोग

| क.सं. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स र श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स र श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ। |
| २ | व्यवहार अवलोकन फारम | प्रक्रियागत सीपहरूको मूल्याङ्कन, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सीप तथा तिनको प्रयोग र व्यवहारकुशल सीपको मापन गर्न रुजुसुची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ। |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सीपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नुपर्ने छ। |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षालाई कक्षा परीक्षाका रूपमा लिइएको छ। |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन्। यसको नतिजा अभिले खित गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ। निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ। |

## ११.७ आन्तरिक मूल्याङ्कन : (कक्षा ४-८)

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ। यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ। यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| क.स. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | (२+२)=४ |
| २ | प्रयोगात्मक/परियोजना | ३६ |
| ३ | त्रैमासिक परीक्षाहरू | (५+५)=१० |
| | जम्मा | ५० |

क. उल्लेखित मूल्याङ्कन तरिका तथा साधनमध्ये आधारभूत तहमा उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक थिममा विद्यार्थीको स्तर लाई निम्नअनुसार अङ्कन गर्नुपर्दछ :

| क. सं. | अङ्कन आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below) | |
| | | ४ | ३.२ | २.४ | १.६ | १ | |
| १ | कक्षा सहभागिता | कक्षामा सधैँ उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएको | कक्षामा अधिकांश दिन उपस्थित भएको र सिकाइमा धेरै जसो सक्रिय सहभागी भएको | क्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरै जसो सक्रिय सहभागी भएको | क्षामा औसत भन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |
| २ | प्रत्येक थिममा विद्यार्थीको सिकाइस्तर | विषयवस्तु सम्बन्धी ज्ञान, सीपलाई दैनिक जीवनका समस्या समाधानमा प्रयोग गर्न सकेमा | विषयवस्तु सम्बन्धी ज्ञान, सीपलाई विश्लेषण सहित दिइएका समस्या समाधानमा प्रयोगगर्नसकेमा | विषयवस्तु सम्बन्धी ज्ञान, सीपलाई दिइएका समस्या समाधानमा प्रयोग गर्न सकेमा | विषयवस्तु सम्बन्धी ज्ञान तथा अवधारणागत रूपमा स्पष्ट भएमा | विषयवस्तु सम्बन्धी सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट नभएमा | |
| | | २ | १.६ | १.२ | ०.८ | ०.५ | |
| ३ | प्रयोगात्मक /परियोजना | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरे को, समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशन अनुसार चरणबद्ध रूपमा तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर तथ्याङ्क व्यवस्थित नगरेको र समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको | निर्देशन अनुसार चरणबद्ध रूपमा कार्य गर्न केही कठिनाई भएको, तोकिएको भन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न शिक्षकको आंशिक सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी कहिलेकाँही मात्र पूरा गरेका | नर्देशन अनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी पूरा नगरेको | |

## घ. त्रैमासिक परीक्षाहरुको प्राप्ताङ्क

| क.स. | त्रैमासिक परीक्षा | प्राप्ताङ्क | भार | भार अनुसारको प्राप्ताङ्क (प्राप्ताङ्क र पूर्णाङ्क) × भार | कैफि. |
|---|---|---|---|---|---|
| १ | पहिलो | | ५ | | |
| २ | दोस्रो | | ५ | | |
| | जम्मा | | १० | | |

माथि उल्लिखित अङ्कन विधिका आधारमा विषयवस्तुको क्षेत्र अनुसारको प्रत्येक विद्यार्थीले आन्तरिक मूल्याङ्कन बापत प्राप्त गरेको उपलब्धिको अङ्कलाई देहाय बमोजिम तालिकीकरण गर्नुपर्दछ :

| क्र.सं. | मूल्याङ्कन पक्ष | विषयवस्तुको क्षेत्र | विद्यार्थीले प्राप्त गरेको अङ्क |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | | |
| २ | विद्यार्थीको सिकाइस्तर | थिम १: खनियाबास गाउँपालिकाको परिचय | |
| | | थिम २: हाम्रो सम्पदा, | |
| | | थिम ३: हाम्रो संस्कार संस्कृति र रितिरिवाज, | |
| | | थिम ४: हाम्रो पर्यटन, | |
| | | थिम ५: हाम्रो दैनिकी र जीवनशैली, | |
| | | थिम ६: हाम्रो परम्परागत सिप, प्रविधि र व्यबसाय | |
| | | थिम ७: हाम्रो भाषा, भेषभषा र लिपिहरु, | |
| | | थिम ८: पोषण तथा सरसफाइ, | |
| | | थिम ९: विपद् र त्यसबाट बच्ने उपायहरु, | |
| | | थिम १०: समाज र राजनीति, | |
| | | थिम ११: सडक र सुरक्षा, | |
| | | थिम १२: सामाजिक समस्या र समाधानका उपायहरु, | |
| | | थिम १३: जनसंख्या र शैक्षिक अवस्था, | |
| | | थिम १४: हाम्रो ऐन, नियम, कानुन र कार्यविधि | |
| | | थिम १५: विद्युत सञ्चार र सूचना प्रविधि, | |
| | | थिम १६: वातावरण विनास र संरक्षण, | |
| ३ | प्रयोगात्मक र परियोजना कार्य | थिम १: खनियाबास गाउँपालिकाको परिचय | |
| | | थिम २: हाम्रो सम्पदा, | |
| | | थिम ३: हाम्रो संस्कार संस्कृति र रितिरिवाज, | |
| | | थिम ४: हाम्रो पर्यटन, | |
| | | थिम ५: हाम्रो दैनिकी र जीवनशैली, | |
| | | थिम ६: हाम्रो परम्परागत सिप, प्रविधि र व्यबसाय | |
| | | थिम ७: हाम्रो भाषा, भेषभषा र लिपिहरु, | |
| | | थिम ८: पोषण तथा सरसफाइ, | |
| | | थिम ९: विपद् र त्यसबाट बच्ने उपायहरु, | |
| | | थिम १०: समाज र राजनीति, | |
| | | थिम ११: सडक र सुरक्षा, | |
| | | थिम १२: सामाजिक समस्या र समाधानका उपायहरु, | |
| | | थिम १३: जनसंख्या र शैक्षिक अवस्था, | |
| | | थिम १४: हाम्रो ऐन, नियम, कानुन र कार्यविधि | |
| | | थिम १५: विद्युत सञ्चार र सूचना प्रविधि, | |
| | | थिम १६: वातावरण विनास र संरक्षण, | |
| ४ | त्रैमासिक परीक्षा | पहिलो | |
| | | दोस्रो | |
| | जम्मा | ५० | |

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। यस विषयको परीक्षामा विशेष गरेर

ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ ।

**विद्यार्थीको समग्र सिकाइस्तर : कक्षा ४-८** ( Student's Overall Performence)

| सि.नं | मूल्याङ्कनको स्वरूप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| | जम्मा | १०० | |

### ११.८ विद्यार्थीको प्राप्ताङ्कको अक्षराङ्कन पद्धतीमा रुपान्तरण :

| उपलब्धि प्रतिशत | अक्षरमा | स्तरीकृत अंक | उपलब्धिस्तर उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|
| ३५ भन्दा कम | एनजी | | अवर्गीकृत |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | डी | १.६ | आधारभत |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | सी | २.० | ग्राह्य |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | सी प्लस | २.४ | सन्तोषजनक |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | बी | २.८ | उत्तम |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | बी प्लस | ३.२ | उत्कृष्ट |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | ए | ३.६ | अत्यत्तम |
| ९० वा सोभन्दा माथि | ए प्लस | ४.० | सर्वोत्तम |

### ११.९ अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग :

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ। मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थिति जन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसै ले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थिति अनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।
- दृष्टिविहीन मध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा

अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।

- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्न सकिन्छ ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिन्छ ।
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूप अनुरूपको वैकल्पिक प्रबन्ध गर्ने । बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

## १२. शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट

खनियाबास गाउँपालिकामा बहुसांस्कृतिक र बहुभाषिक समुदायको बसोवास रहेकाले यहाँ विभिन्न जातजाति र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बस्दछन् । यहाँका प्रायजसो समुदायमा मिश्रित प्रकारको बसोबास भएकाले विद्यालयहरूमा समेत विभिन्न भाषिक तथा सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू हुन सक्दछन् । धेरै प्रकारका भाषा बोलिने भएकाले धेरै जसो विद्यालयहरूमा भाषिक दृष्टिले मिश्रित कक्षा भएकाले धेरैजसो विद्यालयमा द्विभाषिक तथा बहुभाषिक अवस्था रहेको छ । विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरूले प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ सहज र प्रभावकारी हुने छ । दोस्रो वा तेस्रो भाषामा शिक्षणसिकाइ सुरु गर्दा भाषा नबुझ्नाले बालबालिकाहरू विद्यालय तथा कक्षाकोठामा नरमाउने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने पनि हुन सक्दछन् । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षणका क्रममा दिइने ज्ञान, सीप उनीहरूले सहज रूपमा प्राप्त गर्न नसक्नुका साथै उनीहरूमा निरसता सिर्जना भई कक्षा छाड्ने, विद्यालय आउन नमान्ने जस्ता समस्या सिर्जना हुन गई अन्ततः नियमित रूपमा विद्यालयमा पठाउन नसक्ने समस्या सिर्जना हुन जान्छ । बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षण गर्न सकिएमा शिक्षण प्रक्रिया रुचिकर र प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जानुका साथै अन्य भाषाको सिकाइमा पनि मातृभाषा सिकाइको सकारात्मक प्रभाव पर्ने कुरा विभिन्न अनुसन्धानहरूले देखाएका छन् । यसरी प्रारम्भिक तहका विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा सिकाइ सहज हुनाका साथै पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित (दोस्रो वा तेस्रो) भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न उपयुक्त मानिँदैन । बालबालिकाले घरपरिवार तथा समुदायमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बढीभन्दा बढी अन्तरक्रिया हुन गई सिकाइ सजिलो र छिटो हुनाका साथै अन्य भाषाको सिकाइमा पनि पहिलो भाषाको सीप संक्रमण सहज हुने अनुसन्धानले देखाएका तथ्यहरूलाई दृष्टिगत गरी मातृभाषा वा घरपरिवार तथा समुदायमा बोलिने भाषाबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न र बहुभाषी विद्यार्थी भएका कक्षामा सिकाइ सहजीकरणका लागि बहुभाषाको प्रयोग हुन सक्ने वातावरण

तयार गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुने छ। समग्रमा प्रारम्भिक तहमा पढाइ र सिकाइको विकासका लागि माध्यम भाषाको निर्धारण निम्नानुसारका प्रचलित सिद्धान्तहरूका आधारमा गर्नुपर्दछ :

- पढाइ सीप विकास, विषयवस्तु बोध र पठन प्रवाह विकासका लागि बालबालिकाको पहिलो भाषा/मातृभाषामा सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सजिलो र छिटो हुन्छ। बालबालिकालाई उनीहरूको मातृभाषामा साक्षरता सिकाउनु सबैभन्दा उपयुक्त हुन्छ। मातृभाषा बालबालिकाले राम्ररी बुझ्छन् र उपयुक्त गतिमा बोल्न सक्छन्। बालबालिकाले भाषा राम्ररी नबुझेसम्म अर्थपूर्ण सिकाइ सम्भव हुँदैन।
- भाषिक सीपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ। बुझाइमा आधारभूत ज्ञान नभएसम्म अपरिचित भाषालाई शिक्षणको माध्यम बनाउनु उपयुक्त मानिँदैन। बालबालिकालाई अपरिचित भाषामा सिक्न बाध्य पारियो भने उसले एकातिर नयाँ भाषा सिक्नुपर्ने र सँगसँगै अपरिचित भाषाका माध्यमबाट सिक्ने प्रयास गर्नुपर्ने दोहोरो मार खेप्नुपर्ने हुन्छ। अतः बालबालिकालाई पूर्ण रूपले अपरिचित भाषा सिक्न दबाब दिइयो भने बुझाइमा कठिनाइ भई सिकाइबाट अलग हुन जाने अवस्था पनि आउँछ। यसो गर्नु भनेको बालबालिकालाई सिकाइको अवसर बाट वञ्चित गर्नु सरह हुन्छ।
- पहिलो भाषामा सिकेका सीप अन्य भाषामा स्थानान्तरण गर्न सजिलो हुन्छ। एउटा भाषामा सिकेका साक्षरताका सीपलाई उपयुक्त समयमा अर्को भाषामा सहजै स्थानान्तरण गर्न सकिन्छ।
- भयरहित तथा बालमैत्री वातावरणमा सिकाउन सकियो भने बालबालिकाले पहिलो तथा दोस्रो कक्षामै दुई वा बढी भाषा बोल्न र बुझ्न सक्छन्। आवश्यक भएमा आधारभूत तहको शिक्षाको पहिलो पाँच वर्षभित्र बिस्तारै पहिलोबाट दोस्रो भाषा क्रमागत रूपले संक्रमण गराउनु प्रभावकारी हुन्छ भने आवश्यकतानुसार माथिल्ला कक्षाहरूमा तेस्रो भाषामा संक्रमण गराउन सकिन्छ।
- कम्तीमा बालबालिकालाई ५ वर्षदेखि ८ वर्षको उमेरसम्म मातृभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त मानिन्छ। प्राथमिक शिक्षाका पछिल्ला तहमा क्रमशः मातृभाषाबाट स्थानीय वा नेपाली भाषालाई माध्यम भाषा बनाउन सकिने हुन्छ।

## १३. स्थानीय पाठ्यक्रम कार्यान्वयन योजना

पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गतिशील प्रक्रिया भएकाले यसको निर्माण र कार्यान्वयन सहज रेखीय पद्धतिका रूपमा नभई अन्तरसम्बन्धित चक्रका रूपमा रहने गर्दछ। पाठ्यक्रमका सन्दर्भहरूको विश्लेषण गरी अवधारणा विकास, पाठ्यक्रमको मस्यौदा तयार, विभिन्न सरोकारवालाहरूसँग छलफलबाट राय तथा सुझाव प्राप्त गरी प्राप्त सुझावहरू समेतलाई उपयुक्तताका आधारमा समावेश गरी यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरे अनुसारको विद्यालय तहको पाठ्यक्रम संरचनामा आधारित भई तयार गरिएको यो पाठ्यक्रम कार्यान्वयन गर्न विद्यालय तथा शिक्षकका लागि आवश्यक पर्ने पाठ्यक्रम निर्देशिका, शिक्षक निर्देशिका, विद्यार्थीका लागि आवश्यक पाठ्यपुस्तक, अभ्यास पुस्तिका, सन्दर्भ सामग्री लगायतका सिकाइ सामग्रीहरू विकास गरी तिनको परीक्षण तथा सुधार गर्नु आवश्यक छ भने अर्कातिर नयाँ विषयवस्तु र सिकाइ प्रक्रियामा निपूर्ण हुने गरी शिक्षकको विकास र छनोट गर्नु पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनिवार्य छ। यसले विद्यमान शिक्षक तयारी र शिक्षक पेसागत विकास कार्यक्रममा परिमार्जन आवश्यक देखाएको छ। त्यसै गरी पाठ्यक्रमको नयाँ ढाँचाअनुसार

को शिक्षण सिकाइ कार्य सञ्चालन गरी विद्यार्थीमा अपेक्षित सक्षमता हासिल गराउनका लागि शिक्षण सिकाइ विधि तथा प्रक्रियामा सुधार गरी क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाइनु आवश्यक छ भने विद्यार्थीको मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गरी विद्यार्थी मूल्याङ्कनलाई सिकाइका रूपमा र सिकाइका लागि उपयोग गर्नुपर्ने हुन्छ। विद्यालय तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले दिएको पाठ्यक्रम संरचना तथा आधारअनुसार निर्माण गरिएको कक्षा १-८ को यो पाठ्यक्रम तथा विद्यालय तहका लागि निर्माण गरिने अन्य पाठ्यक्रमको कार्यान्यनको तालिका यहाँ प्रस्तुत गरिएको छ। पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम तथा पाठ्यक्रमसँग सम्बन्धित सामग्रीको विकास तथा प्रबोधीकरण, पाठ्यक्रम परीक्षण तथा सुधार गर्ने भए पनि पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अन्य तयारी तथा कार्यहरू पनि आवश्यक छन्। खास गरी शिक्षक तयारी र विकास, शिक्षण सिकाइका लागि विद्यालय तथा कक्षाकोठाको सिकाइ वातावरण सुधार र स्थानीय तहमा पाठ्यक्रम कार्यान्वयनका लागि सहायता पद्धतिको विकास आवश्यक हुन्छ। यसका लागि आवश्यक स्रोतहरूको व्यवस्थापन, जनशक्तिको व्यवस्था, शिक्षक तयारी र विकास, शिक्षकका लागि आवश्यक उत्प्रेरणा तथा उत्तरदायित्व पद्धतिको विकास आवश्यक छ। यस प्रकार पाठ्यक्रम कार्यान्यन योजना तर्जुमा तथा कार्यान्वयन गर्दा विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दुमा राखिनुपर्दछ।

## १४. पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार

पाठ्यक्रम एक गतिशील प्रक्रिया हो। विकास गरिएको कुनै पनि पाठ्यक्रमको कार्यान्यन प्रारम्भ भएपछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गर्ने कार्य निरन्तर हुने गर्दछ। कुनै पनि पाठ्यक्रमको विकास निश्चित मूल्य तथा मान्यतामा आधारित भई पाठ्यक्रमका वर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोहीअनुरूप गरिएको हुन्छ। यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वाभाविक रूपमा पाठ्यक्रम परिमार्जनको आधार सिर्जना गर्दछन्। पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार निरन्तर प्रक्रिया हो। परीक्षणपश्चात् लागू भएको पाठ्यक्रममा सामान्य सुधार तथा अद्यावधिक निरन्तर रूपमा हुने गर्दछ भने कार्यान्वयन भएको पाँच वर्षमा पुनरवलोकन गरिने छ भने कार्यान्वयन भएको दस वर्षमा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन गरिने छ।

## १५. स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव

स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ। स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा स्थानीय पाठ्यक्रम तयार हुन्छ। यो लचिलो प्रकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिस्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ। राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्वपूर्ण छ, ती विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिन्छन्। स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यानवयन गर्ने पाठ्यक्रम पनि हो। यो केन्द्रमुखी हुँदैन, हुनु हुदैन पनि। यो विकेन्द्रित पाठ्यक्रम हो। स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरिने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न

त्यति सजिलो हुँदैन । तर, सम्पूर्ण सरोकारवालाहरूको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गारो पनि देखिदैन । यसको कारण के हो भने स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधनकै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ । नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहाँका प्रत्येक टोलटोल र गाउँगाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । भौगालिक परिवेश, जातजाति, संस्कार एवम संस्कृति र मूल्यमान्यता पनि विविधता पाइन्छ । धादिङ जिल्लाको हकमा पनि यही कुरा लागू हुन्छ र खनियाबास गाउँपालिकाको सन्दर्भमा पनि । नेपालमा अपार स्रोत र सम्भावनाको भण्डार छ । हामीमा त्यसलाई पहिचान र व्यावसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खाँचो छ । खनियाबास गाउँपालिका पनि प्राकृतिक स्रोत साधन, पर्यटकीय सम्भावना, जातिगत विशिष्टताले धनि छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगारीको सिर्जना गर्नेभन्दा अरुले सिर्जना गरी दिएको रोजगरीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । खनियाबास गाउँपालिकाले विभिन्न पेसा एवम् व्यावसाय गर्न चाहने व्यक्तिहरूलाई आर्थिक सहायता, बिना धितो सरल कर्जा वितरण जस्ता कार्यक्रमहरू अगाडि बढाईरहेको छ । तर पनि हालका वर्षमा समुदायका युवा शिक्षित बेरोजगारका रूपमा परिणत भइरहेका छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो विकासोन्मुख मुलुक र पालिकाका लागि विडम्बनाको कुरा हो । हाम्रो देशमा औद्योगिक क्षेत्र र सेवा क्षेत्र निकै सानो भएकाले यहाँ सीमित व्यक्तिले मात्र अवसर पाउन सक्ने अवस्था छ । स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरिबीको अवस्था सिर्जना भएको देखिन्छ । यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्न सम्भव हुँदैन । हो, हाम्रो खनियाबास गाउँपालिकामा पनि उद्यम नगर्ने, बेरोजगार छु भन्ने तर भएको जमीन बाँझै राखेर खाद्यान्नको मूल्य बढ्यो भनेर सरकारलाई गाली गर्ने प्रवृत्ति विद्यमान छ । हामीले विद्यार्थीलाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ । स्थानीय पेसा, व्यावसाय तथा जीविकोपार्जनमा विद्यार्थीलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुनेछ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर विद्यार्थीलाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समूहले मिलेर बनाई लागु गर्न सक्छन् । यो पाठ्यक्रमको नमुनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्य जस्तो देखिन्छ । स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोतसामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ । यसको लागि आवश्यक स्रोत साधनको खोजी गर्न समेत क्रियाशील हुन आवश्यक छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सीप र अभिवृति हासिल गर्न सक्नेछन् । स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरूले मूलतः निम्नकुराहरूमा ध्यान दिन आवश्यक हुन्छ :

- स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, कम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर विद्यार्थीको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने,
- सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै विद्यार्थीको सक्रिय सहभागिता बढाउन विशेष ध्यान दिने,

- स्थानीय पेसा, व्यावसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा विद्यार्थीको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- पाठ्यक्रमको मर्म र भावना अनुसार कक्षागत रूपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरूः समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, व्याख्या, ICT को प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारीतामा ध्यान दिने,
- कक्षाकोठा बाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरू परियोजना कार्य सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान, घटना अध्ययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियकालापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने,
- सिकाइलाई दिगो र उद्देश्यमूलक बनाउन विद्यार्थीलाई गरेर सिक्ने (Learning by doing) सिद्धान्तको व्यवहारिक प्रयोगमा ध्यान दिने,
- मूल्याङ्कनका लागि पेपर-पेन्सिल टेस्ट भन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा विद्यार्थीको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने,
- विभिन्न स्रोतसामग्री सङ्कलन गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने,
- मूल्याङ्कन गर्दा विद्यार्थीको कार्यलाई प्रशंसा गर्ने,
- सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा विद्यार्थीले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यवहारिक पक्षलाई आँकलन गर्ने,
- स्थानीय विषय पढाउने शिक्षकहरूवीच अनुभव आदान-प्रदान गरी आइपरेका समस्याहरू हल गर्न हर्दम क्रियाशील रहने,
- पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यकता महशुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी परिमार्जन गर्न पहल गर्ने,
- विद्यार्थीलाई उत्पादनसँग गाँस्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजहरूको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यता सम्बन्धी पक्षहरूमा आफू र विद्यार्थी दुवैको भूमिकालाई समन्वयात्मक ढंगले विकास र विस्तार गर्न प्रयत्नशील रहने,
- आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकतानुसार सम्बन्धित विषयमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रूपमा बेलाबेलामा आमन्त्रण गरी अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने ।
- विपद् व्यवस्थापन र सुरक्षित विद्यालय सम्बन्धी समुचित जानकारी गराइ विद्यार्थीलाई विपद्बाट बच्ने उपाय, व्यवस्थापन, कारण प्रभाव तथा सुरक्षित विद्यालयको आवश्यकता र महत्वको सम्बन्धमा समेत छलफल, अनुभव साटासाट, अन्तरक्रिया, परियोजना कार्य प्रत्यक्ष अवलोकन आदिको माध्यमले सुसूचित गराउन क्रियाशील रहने कार्यमा सहभागितात्मक पद्धति अवलम्बन गर्ने अनुसूचीहरू

**१६. व्यवहार कुशल सिपहरु** (Soft Skills)

स्थानीय पाठ्यक्रमको शिक्षण सहजीकरण गर्दा सैद्धान्तिक र व्यवहारिक ज्ञानको साथमा निम्नानुसार व्यवहार कुशल सिपहरुमा जोड दिनुपर्छ र सो अनुसार कियाकलाप तथा मूल्याङ्कन गर्नुपर्छ ।

**१. सोचाइ सिपहरु** (Thinking Skills) (S1)

- ❖ प्रयोग सिप (S1.1)
- ❖ सिकाइ सिप (S1.2)
- ❖ रचनात्मक सोच सिप (S1.3)
- ❖ समालोचनात्मक सोचाइ सिप (S1.4)
- ❖ निर्णय तथा समस्या समाधान सिप (S1.5)

**२. वैयक्तिक सिपहरु** (S2)

- ❖ स्वव्यवस्थापन (S2.1)
- ❖ आत्मबल/स्वाभिमानको विकास (S2.2)
- ❖ इमानदारी/स्वअनुसासन (S2.3)
- ❖ समय व्यवस्थापन (S2.4)c
- ❖ व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता (S2.5)
- ❖ स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता (S2.6)
- ❖ जिम्मेवारी एवम् प्रतिबद्धता (S2.7)

**३. अन्तर वैयक्तिक सिपहरु** (S3)

- ❖ सञ्चार (S3.1)
- ❖ सहकार्य (S3.2)
- ❖ सहयोग तथा सहानुभूति (S3.3)
- ❖ सक्रियतापूर्वक सुन्ने (S3.4)
- ❖ सांस्कृतिक सिपहरु/नैतिकता (S3.5)

**४. सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरु** (S4)

- ❖ आधारभूत साक्षरता (S4.1)
- ❖ प्राविधिक साक्षरता (S4.2)
- ❖ दृश्य साक्षरता (S4.3)
- ❖ सूचना साक्षरता (S4.4)
- ❖ बहुसांस्कृतिक साक्षरता (S4.5)

**५. नागरिक सिप** (S5)

- ❖ सहनशीलता र खुलापन (S5.1)
- ❖ विविधताको सम्मान र अन्तर सांस्कृतिक बुझाइ (S5.2)
- ❖ लोकतान्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (S5.3)

- ❖ वातावरणप्रतिको सजगता र सम्मान (S5.4)
- ❖ राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति (S5.5)
- ❖ सामाजिक एवम् नागरिक जिम्मेवारी (S5.6)
- ❖ वैयक्तिक जिम्मेवारी (S5.7)

## अनुसूची- १

आधारभूत तह (कक्षा १–३) मा विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोग सम्बन्धी मार्गदर्शन यस पाठ्यक्रमको खण्ड १५ मा कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कन गर्नुको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सुधार गर्नु भएकाले मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापकै विभिन्न अङ्गका रूपमा विकास तथा प्रयोग गर्नुपर्ने आवश्यकता रहेको स्पष्ट पारिएको छ। त्यसमा मूल्याङ्कनका सम्भाव्य विधि, प्रक्रिया, तरिका तथा साधनहरू उल्लेख गरिएको छ। यहाँ यस पाठ्यक्रमको मूल्याङ्कन खण्डमा उल्लिखित उद्देश्य प्राप्तिका लागि मूल्याङ्कन विधि, प्रक्रिया, तरिका तथा साधनहरूको प्रयोग तथा नतिजाको अभिलेखीकरण सम्बन्धी तरिका तथा साधन र तिनको प्रयोग गर्ने तरिका विषयक्षेत्रगत रूपमा समावेश गरिएको छ।

### मूल्याङ्कन गर्ने तरिका

१. प्रत्येक विद्यार्थीले स्थानीय पाठ्यक्रमको प्रत्येक क्षेत्रका सिकाइ उपलब्धिमा केकति उपलब्धि हासिल गरे भनी मूल्याङ्कनका उपयुक्त साधन प्रयोग गरी परीक्षण गरेर यकिन गर्नुपर्छ।

२. विद्यार्थीको उपलब्धिस्तरलाई तलको तालिकाअनुसार १ देखि ४ स्तरमा रेटिङ गरी क्षेत्रअनुसारको सिकाइ उपलब्धिमा अभिलिखित गर्नुपर्छ। विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धि प्रतिशत | अक्षरमा | स्तरीकृत अंक | उपलब्धिस्तर उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|
| ३५ भन्दा कम | एनजी | | अवर्गीकृत |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | डी | १.६ | आधारभत |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | सी | २.० | ग्राह्य |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | सी प्लस | २.४ | सन्तोषजनक |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | बी | २.८ | उत्तम |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | बी प्लस | ३.२ | उत्कृष्ट |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | ए | ३.६ | अत्यत्तम |
| ९० वा सोभन्दा माथि | ए प्लस | ४.० | सर्वोत्तम |

उल्लिखित मापदण्ड विद्यार्थीको स्तर पहिचान गर्ने सामान्य आधार मात्र भएकाले विषयक्षेत्रगत रूपमा उल्लिखित आधार र व्याख्या थप विशिष्ट स्वरूपको हुने भएकाले विद्यार्थी मूल्याङ्कन गर्दा त्यसैलाई प्रयोग गर्नुपर्छ।

३. सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ। प्रत्येक थिमको सिकाइपछि

अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।

४. नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

## विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

**१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :**

- ❖ विषयक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- ❖ कार्यसञ्चयिका फायलमा विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषय क्षेत्रगत रूपमा गरिने पाँच ओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- ❖ कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभर पृष्ठमा राखिनुपर्छ ।
- ❖ प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

**२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नानुसार प्रयोग सकिन्छ :**

- ❖ शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
- ❖ विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधार मा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
- ❖ अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- ❖ विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- ❖ विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ। विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ। शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ। यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ। यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ। यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन। कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ। उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ। शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत .

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| उपलब्धि प्रतिशत | अक्षरमा | स्तरीकृत अंक | उपलब्धिस्तर उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|
| ३५ भन्दा कम | एनजी | | अवर्गीकृत |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | डी | १.६ | आधारभत |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | सी | २.० | ग्राह्य |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | सी प्लस | २.४ | सन्तोषजनक |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | बी | २.८ | उत्तम |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | बी प्लस | ३.२ | उत्कृष्ट |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | ए | ३.६ | अत्यत्तम |
| ९० वा सोभन्दा माथि | ए प्लस | ४.० | सर्वोत्तम |

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अब्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ। विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ : विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत . यो उपलब्धि प्रतिशतको व्याख्या माथिको बुँदा ५ अनुसार गर्नुपर्छ। उपलब्धिस्तरको अङ्कको जोड उपलब्धिस्तरको अङ्कको जोड ४ × मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या ४ × मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या × १०० × १००

# हाम्रो खनियाबास

## स्थानीय पाठ्यक्रमः आधारभूत तह (कक्षा १-८)

## २०७९



**प्रकाशकः**

**खनियाबास गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल